# सनातन धर्म

लेखक

मुशताक मदनी

Da’wa & Guidance Center
P Box: 1580, Jubail-31951
(KSA)



# बिस्मिल्लाहिर–रह्मानिर्रहीम

अल्लाहको नामबाट शुभारम्भ गर्दछु जो अति दयालु र कृपालु हुनुहुन्छ ।

# विषय सूची

| शीर्षक | पाना न. |
|---|---|
| बिस्मिल्लाह | 3 |
| विषय सूची | 4 |
| तीतो सत्य | 7 |
| इस्लामको अर्थ | 17 |
| इस्लामको इतिहास | 19 |
| अल्लाह तआ़ला | 22 |
| कुरआन | 35 |
| मुहम्मद ﷺ | 41 |
| इस्लामको सुन्दरता | 57 |
| अल्लाहको रोजाइ | 58 |
| परिपूर्ण धर्म | 60 |
| विश्वब्यापी धर्म | 61 |
| विश्वब्यापी भाइचारा | 63 |
| ज्यानको सुरक्षा | 68 |
| धनको सुरक्षा | 70 |
| इज्जतको सुरक्षा | 72 |
| बंशको सुरक्षा | 73 |

| | |
|---|---|
| दिमागको सुरक्षा | 74 |
| प्राकृतिक धर्म | 75 |
| सजिलो धर्म | 77 |
| स्वर्ण बाटो | 79 |
| सन्यास र इस्लाम | 80 |
| न्यायनिसाफ | 82 |
| मजदूरको महत्व | 83 |
| मायाको धर्म | 84 |
| जनावरसँग माया | 85 |
| इस्लाम र हिंसा | 86 |
| इस्लाम कसैको जागिर होइन | 88 |
| बाध्यता छैन | 89 |
| इस्लाम नै किन | 90 |
| धर्म परिवर्तन होइन | 95 |
| प्रवेशद्वार | 96 |
| ईमानका स्तम्भहरू | 97 |
| मृत्युपछिको जीवन | 98 |
| स्वर्ग र नर्कका प्रमाण | 100 |
| इस्लामको जग | 104 |
| इस्लामका लाभहरू | 106 |
| उपयोगी वेबहरू | 110 |
| महत्वपूर्ण किताबहरू | 111 |

﴿ ءَأَرْبَابٌ مُّتَفَرِّقُونَ خَيْرٌ أَمِ ٱللَّهُ ٱلْوَٰحِدُ ٱلْقَهَّارُ ﴿٣٩﴾ ﴾

## बेग्ला-बेग्लै (३३ कडोर) भगवान बेस या

# एउटै सर्वशक्तिमान अल्लाह

# ???

# तीतो सत्य

आज मान्छेको जीवन भनेको निकै अस्त ब्यस्त देखिन्छ । जुनसुकै ब्यक्तिलाई **भाई एकैछिन** भन्ने सम्बोधन गर्नुहोस् उसको जवाफ हुन्छ : माफ गर्नु होला आज अलि हतार छ पछि कुरा गरौंला हुँदैन ? भनेर आफ्नो बाटो लाग्छ । थाहा छ त्यो किन हो ? कारण के भने नि आज हरेक मान्छे दुनियाँको पछाडि भौंतारिएर हिंडिरहेका छन् । प्रशस्त बैंक बैलेन्स,ठूलठुला आलिशान दरबार, विदेशी गाडी र समाजमा पहिचान बनाउने सपना बोकेका हुन्छन् त्यसै सपनालाई साकार पार्नको लागि मान्छे अति ब्यस्त छन् कि आफ्नै अस्तित्वलाई विर्सिसकेका छन्। जीवन भनेको के हो ? हामी को हौं ? कहाँबाट आएका हौं ? किन आएका हौं र फेरि कहाँ जानु पर्नेछ ? जीवनको मूल उद्देश्यलाई नै बिर्सि सकेका छौं । यो संसारमा जे जति वस्तु छन् बिना उद्देश्य कोही पनि छैन । जबकी हामीले लगाउने जुत्ताको पनि उद्देश्य रहेको छ भने हामी मानव हौं इश्वरको सर्वोत्वकृष्ट प्राणी यो नाताले हाम्रो उद्देश्य के हो त? मेरो विचारमा जीवनको सबै भन्दा ठूलो लक्ष्य आफ्नो असल मालिक र विधाताको पहिचान र उसको पुजाउपासना गर्नु हो । जाबो एउटा कुकुरलाई हड्डिको टुक्रा सुंघाई दिदा दिनभरि

मालिकको अगाडि पछाडि पुच्छर हल्लाउँदै हिंड्छ छ भने हामी मानव हौं ! जुन ईश्वरले हाम्रो बसोबासको लागि यत्रो ठूलो आकाश र विशाल धर्ती सृजना गर्नु भएको छ त के हामीले उसको कृतज्ञता ब्यक्त गर्नु पर्दैन ? एक चोटि कल्पना गर्नुहोस् त यदि हावा नभइ दिएको भए के हामी यो सुन्दर संसारमा बाँच्न सक्थ्यौं ? यदि यो अनमोल आँखा नभइ दिएकोभए के हामी प्राकृतिकको मनमोहक दृश्य र आमाबुवाको अनुहार हेर्न सक्थ्यौं ? यो जिब्रो नभइ दिएको भए के हामी मनमा लागेको कुरा भन्न वा सोधन सक्थ्यौं ? यो मुटु नभइदिएको भए के हामी कसैसँग माया पीरती गाँसन सक्थ्यौं ? असंभव! त्यसैले हाम्रो जीवनको ठूलो उद्देश्य भनेको आफ्नो असल प्रभुलाई पत्ता लगाउनु र उसैको कृतज्ञता ब्यक्त गर्नु हो । किनकि यो जीवनको केही भरोसा छैन । प्रभुलाई नचिनीकन डाडामुनिको घाम झैं अस्तायौं भने हाम्रो ठूलो बिचल्ली हुनेछ त्यत्तिबेला हामी चाहेर पनि केही गर्न सक्तैनौं । तर साँचो प्रभुको पहिचान कसरी गर्ने ? आजको मितिमा मान्छे भन्दा बढी संख्या ईश्वरहरूका छन्| हरेक धर्मालम्बी मात्र आफूलाई साँचो र अरूलाई झुठो ठानिरहेका छन् यस्तो कठिन परिस्थितिमा हामीले जोगिएर हिँडनु पर्छ र बुद्धि पुऱ्याएर ईश्वरले मन पराउनु भएको धर्म मात्र रोज्नु पर्छ ।

# साँचो धर्मको पहिचान

❁ १) त्यो धर्म प्रभुबाट हुनु पर्छ। मैले रोजेको धर्म यो नै हो भन्ने कुरा प्रभुद्वारा ठोकुवा हुनु पर्छ।

❁ २) त्यसको शुरूवात संसारको पहिलो व्यक्तिबाट हुनुपर्छ किनकि हरेकले मौका पाउनु पर्छ।

❁ ३) त्यसको नामाकरण पनि मान्छे वा जात- पातको नाम होइन बरू प्रभुद्वारा नै हुनु पर्छ।

❁ ४) जुन ऋषिमुनि र सन्देष्टाद्वारा धर्मको प्रचार-प्रसार हुन्छ उसको जीवन निश्चल र चोखो हुनु पर्छ।

❁ ५) ईश्वरले मलाई सन्देष्टा बनाएर पठाउनुभएको छ भनेर त्यो सन्देष्टाबाट घोषणा हुनु पर्दछ।

❁ ६) त्यो Authentic ग्रन्थमाथि आधारित हुनुपर्छ।

❁ ७) त्यो पूर्ण, विश्वब्यापी र हरेक भाषा, जातबर्ग गोरोकालो पुरै मनुष्यको लागि समान हुनु पर्छ।

❁ ८) हरेक युगको लागि पूर्ण उचित हुनु पर्नेछ आदि।

**प्रिय पाठक!** एक छिनको लागि न्यालेर हेर्नुहोस् त कि आज प्रसिद्ध धर्ममध्ये कुन धर्म प्रभुको रोजाई हो क्रिश्चनले मान्यता दिराखेको बाइबलमा प्रभुको रोजाई त्यो धर्म नै हो भनेर पाउन सक्नु हुन्न। हिन्दू

धर्मालम्बीहरूबाट मान्यताप्राप्त वेदपूराण र गीतामा पनि प्रभुको रोजाई त्यो धर्म नै हो भनेर पाउन सक्नु हुन्न ।

❁ **दोस्रो आधार अन्तर्गत** (प्रथम मनुष्यबाट हुनु पर्यो) क्रिश्चन धर्मको प्रवर्तक जिससक्राइस्ट संसारको प्रथम मनुष्य होइनन् । हिन्दूधर्मको थालनि कोबाट र कहाँबाट भएको छ त्यो अहिलेसम्म प्रस्ट नै छैन र श्री राम (राजा दशरथको छोरा) भनेको संसारको प्रथम मनुष्य होइनन् । जैनधर्मको संस्थापक श्री महाबीर चाहिँ संसारको प्रथम मनुष्य होइन । बौध धर्मको ठूलो प्रवर्तक महात्मा गौतमबुद्ध संसारको प्रथम मनुष्य होइनन् ।

❁ **तेस्रो आधार अन्तर्गत** : (नामाकरण माथिबाट हुनु पर्‍यो) जिससक्राइस्टको असल नाम ईसा हो त्यसैले त्यस धर्मालम्बीलाई ईसाई भनिन्छ वा इंगलिशमा क्राइस्टबाट क्रिश्चन निस्केको छ । उस्तै हिन्दू शब्द कुनै वेदपूराणमा उल्लेख छैन त्यो मात्र एउटा श्रेत्रफल र नदिको नामले नामाकरण भएको छ ।

❁ **धर्मग्रन्थ सुरक्षित र आथेन्टिक हुनु पर्यो** आधार अन्तर्गत कुरआनबाहेक कुनै धर्मग्रन्थ सुरक्षित छैन हरेक ग्रन्थमा परिवर्तन भइसकेको छ । अतः साँचो धर्म पत्ता लगाउने जति आधारहरू छन् त्यस आधार अन्तर्गत कुनै पनि धर्म परिपूर्ण छैन । यसको अर्थ ईश्वरले हामीलाई छाडा छाडदिनु भएकोछ ? होइन उहाँले हाम्रो

मार्गदर्शनको लागि अनुपम व्यवस्था गरि दिनुभएको छ तर त्यो अनुपम धर्म जान्नको लागि तपाईंले धैर्य गर्नु पर्छ र मनले नचाहे पनि मनलाई थिचेर राख्नु पर्छ ।

**"ईश्वर एउटै हो"** कुरामा म जस्तै तपाईंको पनि सहमति होला र हिन्दू मुस्लिम, सिख ईसाई, गोराकालो. अग्ला होंचा सम्पूर्ण मनुष्य एउटै प्रथम आमाबुवाका सन्तान हुन् मॉडर्न विज्ञानबाट पनि पुष्टि भइसकेको छ । प्रश्न के छ भने जब ईश्वर एउटै हो र हामी सबै एउटै दम्पतीका सन्तान हौं भने धर्म किन एक छैनन् ? के ईश्वरले हरेकको लागि बेग्ला-बेग्लै धर्मको निर्माण गर्नु भएको छ ? के उहाँले नै मनुष्यलाई जातिवादमा विभाजन गरि छुवा छुतको माहौल सृजना गर्नुभएको छ ? असंभव, हाम्रो ईश्वरले त्यस्तो गर्नुहुन्न यो त स्वार्थीहरूले मात्र आफ्नो स्वार्थको लागि त्यस्तो गरेका छन् । त्यसैले चेतना जगाउनु पर्छ मान्छेलाई सजग गर्नु पर्छ र रूढीवादी परम्परालाई त्यागी मात्र प्रभुले रोज्नु भएको साँचो धर्मलाई स्वीकार गर्नु पर्छ ।

**प्रिय पाठक!** प्रभुद्वारा रोजिएको धर्म चाहिँ इस्लाम हो मात्र इस्लाम । मैले रोजेको धर्म मात्र इस्लाम नै हो प्रभुले अन्तिम ग्रन्थ कुरआनमा घोषणा गर्नुभएको छ । त्यसको शुरूवात मनुष्य जातिको प्रथम पिता **आदमबाट** नै भएको छ । त्यसको नामाकरण पनि उहाँले आफैं गर्नु भएको छ

र जुन दूतद्वारा इस्लाम पूर्ण भयो भने उसको जीवनको एक एक पाना सुरक्षित छ। त्यो Authentic ईशग्रन्थ माथि आधारित रहेको छ यसको सत्यताको ठूलो प्रमाण के छ भने त्यसमा खोट लगाउने कुनै ठाउँ नै छैन। इस्लामको एउटा आदेश वा नियम पनि मानवताको विरूद्धमा रहेको छैन। कुरआन जस्तो उच्च कोटिको वाणी कुनै मान्छेले ल्याउन सक्दैन भने कुरआनले पुरै संसारको मनुष्यलाई हाँक दिएको छ त्यसको आज १४०० वर्ष भन्दा बढी भइ सक्यो मान्छे भूंइदेखि चन्द्रमासम्म पाइला टेके तर कुनै पनि आमाको छोराले त्यो हाँकलाई स्वीकारने आँट गरेका छैनन् किनकि यो नै सन्तान अथवा पहिलेदेखि चलि आइ रहेको साँचो धर्म हो। त्यो धर्मले आफू अघिका हरेक धर्मलाई रद्द गरेको छ। आज ईश्वर वा स्वर्गसम्म पुऱ्याउने बाटो मात्र इस्लाम नै रहेको छ। यदि यहाँले सनातन (इस्लाम) धर्म बाहेक अरू गोरेटो रोज्नु भयो भने बाटो बिराउन सक्नु हुनेछ।

प्रभुको अन्तिम धर्म इस्लाम नै हो र अन्तिम सन्देष्टा मुहम्मद स. को उत्पत्तिपछि उहाँको पूर्ण अनुसरण नगरून्जेल स्वर्ग मिल्न सक्दैन भन्ने कुरा हरेक धर्मावलम्बीका गुरूहरूलाई राम्ररी थाहा छ। तिनीहरूलाई जति विश्वास आफ्नो छोरामाथि छ त्यो भन्दा बढी विश्वास इस्लामको सत्यतामाथि रहेकोछ तर स्वार्थको

लागि मानिसहरूलाई मुर्ख बनाई रहेका छन्| उनीहरूले सत्यलाई थिचोमिचो गरी राखेका छन् किनकि त्यसको बारेमा वेदपूराण, बाइबल लगायत हरेक ग्रन्थमा सूचना दिईएको छ ।

"**भविष्य पूराण**" मा त उहाँको जन्मकुण्डली, नाम आमाबुवाको परिचय, जन्मस्थल, परशूराम दूतबाट दूतत्वको ताजले सम्मानित हुनु,उहाँको सवारी, मदिनाको प्रवास उहाँको जीवनका एकएक कुरा सूर्यको उज्यालो भन्दा बढी प्रष्ट रहेका छन् र जति किताब उहाँको जीवनमाथि तयार पारिएको छ त्यसको एक चौथाई पनि कुनै अर्को दूतको लागि तयार पारिएको छैन । उहाँलाई नै वेदपुराणमा नराशंस र कल्कि अवतार भनिएको छ जसको लागि हिन्दू समाज अहिलेसम्म प्रतीक्षारत छन् तर उहाँ आज भन्दा १४०० वर्ष अघि मक्कामा आएर जानु पनि भयो । उहाँद्वारा नै प्रभुले प्रथम मनुष्यबाट शुरू गरिएको धर्मलाई पुरा गर्नु भयो र आफै इस्लामको संज्ञा दिनु भयो जसको विस्तृत जानकारी यो किताब भित्र श्लोक सहित तपाईं पाउन सक्नु हुनेछ ।

ईश्वरले हामीलाई बुद्धि दिनु भएको छ र त्यसैको आधारमा हामी स्वोंत्कृष्ट प्राणीको उपाधि पाएका छौं तसर्थ त्यस बुद्धिको सदुपयोग गरौं र साँचोधर्म इस्लामलाई रोजौं| मूर्तिप्रतिमा, आगोपानी बनस्पति र

सृष्टिको पूजा नगरौं मात्र सृष्टिकर्ताको पुजाउपासना गरौं । संक्षिप्तमा भन्ने हो भने एउटा सर्वसाधारण हिन्दू र मुस्लिममा मूल फरक के छ भने हिन्दू हरेक वस्तुलाई ईश्वरको स्थान दिन्छ । जुनसुकै वस्तुमा केही चमताकार देखियो त्यसैलाई नमस्कार गर्ने वा हरेक वस्तुमा ईश्वरको अंश मानि त्यसको पूजा गर्ने गर्छन् ! तर एउटा सर्वसाधारण मुस्लिमको आस्था के हो भने **हरेक वस्तु ईश्वरको सृष्टि र सृजना हो ईश्वर हैन** त्यसैले सूर्यलाई हैन बरू यो सूर्य चाहिँ जुन ईश्वरको आदेशले उदय हुन्छ र अस्ताउँछ त्यस मालिकको पुजा गर्नु पर्छ, आगोलाई हैन बरू यो आगो चाहिँ जुन ईश्वरको आदेशानुसार बल्छ र निभ्छ त्यो प्रभुको लागि ढोग गर्नु पर्छ । उस्तै श्रीराम र महात्मा गौतमबुद्धलाई ईश्वरको अवतार मानि पुजा गर्ने कुनै खाँचो नै छैन बरू जुन सर्व शक्तिमान उपरवाला ईश्वरले रामजी, महात्मा बुद्ध र जीजसलाई जन्म दिनुभयो आमाको गर्भाष्यमा नौ नौ महिनासम्म हुर्काउनुभयो मात्र त्यसै ईश्वरको पुजा गर्नु पर्छ। अर्को ध्यान दिने कुरा के छ भने आज अल्लाहबाहेक जुन ईसा (अलैहिस्सलाम) श्रीराम र महात्माबुद्धको प्रतिमालाई पुजा गर्ने प्रथा छ के महात्माबुद्धले मलाई पुजा गर भन्नु भएको छ ? भन्नु भएको छैन भने किन बेकारमा एउटा सृष्टिलाई सृष्टिकर्ताको ठाउँ दिन खोजनु हुन्छ । उनीहरूले समाज कल्याणमा जुन ठूलो योगदान

दिनुभएका छन् त्यसको कदर गर्नुहोस् र वाजिब सम्मान गर्नुहोस् तर ईश्वरको जुन ठाउँ हो त्यो भक्तलाई नदिनुहोस् किनकि सृष्टिलाई सृष्टिकर्ताको ठाउँमा राख्नु नै यो धर्तीको महापाप हो । के हामी आफ्नो स्वास्नीमा पार्टनरशिपले काम चलाउन सक्छौं ? सक्दैनौं भने उ सुपर पावर ईश्वर आफ्नो पुजाउपासनामा एउटा भक्तको सहभागिता कसरी सहन सक्नु हुनेछ ? प्रभुले हामीलाई बुद्धिले सम्पूर्ण प्राणीमा एउटा महत्वपूर्ण स्थान दिनु भएको छ त्यसैले आफ्नो जन्मको उद्देश्य र प्रभुको असल बाटो पत्ता लगाउनु होस् र त्यो भेट्यो भने त्यसलाई कदर गर्नुहोस् र निर्धक्कसँग ढुक्क भई सबैको अगाडि त्यसको घोषणा गर्नुहोस् भन्ने मेरो अनुरोध रहेको छ र यो नबिर्सनु होला कि प्रभुको साँचो धर्म मात्र इस्लाम रहेको छ र यो नै यहाँको जीवनलाई सफल पार्न सक्छ ।

हुनत म कुनै ठूलो विद्वान हैन वा कुनै राजिनिक संघसंस्थाको नेता पनि हैन र मधेषमा जन्मिएकोले मेरो भाषा पनि त्यत्ति शुद्ध छैन तैपनि रूढीवादीमा जक्रिएका प्यारा नेपाली दाजुभाई र दिदीबहिनीहरूलाई अंध्यारोबाट जोगाई उज्यालोमा ल्याउने र सृष्टिको पुजाबाट टाढा राखि मात्र असल सृष्टिकर्ताको पुजा गर्ने गराउने स्यानो प्रयास गरेको छु ।

अन्तमा सर्वप्रथम अल्लाहलाई धन्यवाद दिन चाहन्छु जसको कृपाले मैले साँचोधर्म इस्लामलाई आत्मसात गर्ने मौका पाएँ साथै यी दुई पंक्ति पढि दिनु भएकोमा पाठकलाई पनि धेरै धेरै धन्यावाद दिन्छु। यदि कुनै साथीभाई अथवा दिदीबहिनीले मेरो यो कृति पढेर प्राकृतिक धर्म इस्लामलाई रोज्नु हुन्छ भने यो मेरो लागि धेरै सौभाग्यको कुरा हुनेछ।

झापाका आदरणीय आलमज्यू तथा जति पनि साथी भाईले यो कृति तयार पार्नमा सघाउ पुऱ्याउनु भएको छ ती सबैलाई हृदयदेखि आभार प्रकट गर्दछु।

मान्छेबाट गल्ती हुनु स्वभाविक नै हो त्यसैले किताबमा पाइएका भाषिक त्रुटि, कमी कमजोरी वा यो कृतिलाई झन् राम्रो बनाउने हेतुले हरेक प्रकारको टिकाटिप्पणी र सरसल्लाहको सदय स्वागत छ त्यसैले फोन, चिठ्ठी वा इमेलमार्फत आफ्नो रायसुझाव अवश्य दिनु होला भन्ने आशा गरेको छु। **धन्यावाद !**

**7 May 08**

**लेखक**

**मुशताक मदनी**

mushtaqjdc@yahoo.com
0509705944

# इस्लामको अर्थ

❁हुनत संसारमा हिन्दू,बौद्ध, क्रिश्चन, यहुदी, जैन आदि विभिन्न धर्महरू छन् तर इस्लाम धर्म चाहिं अन्य धर्म भन्दा अलि भिन्न छ । इस्लाम धर्म कुनै जात-पात, कुल,बंश, संघ-संस्था र दलको नाममा होइन बरू इस्लाम भनेको आफ्नो विधाता सर्व शक्तिमान **अल्लाह तआला**को लागि आत्मसमर्पण गर्नु हो । आफ्नो तनमन र सबै चाहना उसैको चाहना प्रति समर्पित गर्नु हो। जुन प्रकार एउटा हिन्दूको छोरा हिन्दू र क्रिश्चनको छोरा क्रिश्चन कुल र बंश अनुसार संज्ञा पाउँछन् उस्तै एउटा मुस्लिमको छोरा र नाति भएमा बिना अनुसरण मुस्लिमको संज्ञा पाउन सक्दैन त्यसैले एउटा दलित र तल्लो जातमा जन्मिएको छोरा **अल्लाह तआला**लाई आफ्नो तनमन सुम्पियो भने त्योमात्र मुस्लिम होइन बरू इस्लामको नायक बन्न सक्छ तर मुस्लिमको घरमा जन्मिएको मान्छे त्यसै नियमलाई उल्लंघन गर्यो भने त्यो **काफिर** अथवा इस्लामबाट खारेज हुन सक्छ किनकि इस्लाम धर्मको सम्बन्ध चाहिं सर्व शक्तिमान र असल विधाता **अल्लाह तआला**सित गाँसिएको छ ।

❁ **इस्लाम शब्दको अर्को अर्थ चाहिं शान्ति हो** किनकि आफ्नो असल मालिकको आज्ञानुसार हिंडेमा, उहाँले रोज्नु भएको धर्मको सही पालन गरेमा अथवा उहाँले अह्राउनु भएको भूमिका निर्वाह गरेमा आत्मा र शरीर, तन र मन दुवैलाई शान्ति नै शान्ति प्राप्त हुन्छ । यो शान्ति मात्र शरीरसम्म निहित छैन बरू जुन देश र मुलुकमा मात्र उसैको आदेशको पालना गरिन्छ त्यहाँका बासिन्दा पनि विकसित, सुखी, सम्पन्नशाली र हरेक दृष्टिले पूर्ण हुन्छन् तथा ढुक्क भई जीविका निर्वाह गर्छन् । नैतिक, बौधिक, सामाजिक, भौतिक एवं धार्मिक हरेक प्रकारको अधिकार प्राप्त हुन्छ। एक्लै बाटोमा हिंडडुल गर्दा, बैंकबाट पैसा ल्याउँदा, पसिना बगाएर कमाएको पैसा घरमा वा खल्तीमा राख्दा कुनै भय,त्रास र डर हुँदैन । ज्यान, माल, इज्जत हरेक कुराको सुरक्षाको प्रत्याभूति हुन्छ । मेरो उक्त कुरालाई जाँचपडताल गर्नको लागि साउदी अरबको शान्ति प्रकृया र सुब्यवस्थित इस्लामिक नियमलाई हेर्न सकिन्छ जहाँका वैदेशिक कामदार पनि उक्त कुरालाई महसूस गर्छन् जो तिनीहरूलाई आफ्नै मुलुकमा महसूस हुँदैन ।

# इस्लामको इतिहास

❁ इस्लाम धर्मको इतिहास त्यत्तिकै पुरानो छ जति पुरानो यो संसार रहेको छ । यो संसारको इतिहास पढ्दा इस्लामको इतिहासको सम्झना ताजा हुन्छ किनकि जुन दिनदेखि यो संसारमा मनुष्यको जन्म अथवा उत्पत्ति भएको छ त्यसै दिनदेखि इस्लाम धर्म को सुरूवात पनि भएको छ ।

शायद बाल्यकालमा तपाईंले पनि इतिहासमा पढ्नु भएको होला कि सम्पूर्ण संसारको विधाता **(Super Power) अल्लाह तआलाले** सर्वप्रथम एउटा मनुष्यलाई माटोबाट सृजना गर्नुभयो फेरि त्यही मनुष्यबाट उसको स्वास्नीलाई जन्म दिनुभयो। आज पश्चिमदेखि पूर्वसम्म र उत्तरदेखि दक्षिनसम्म संसारको कुना काप्चामा जे जति मनुष्यहरू सर्वत्र फैलिएका छन् ती सबै त्यसै दम्पतीका सन्तान हुन् भन्ने कुरामा मात्र केही नास्तिक बाहेक सबैको सर्वसम्मती रहेको पाइन्छ । धार्मिक ग्रन्थ त्यसै कुराको पुष्टि गर्दछ र आजको आधुनिक विज्ञान पनि त्यो कुरामा कुनै आपत्ति जनाउँदैन ।

त्यही प्रथम पुरूषलाई अरबी भाषामा **आदम (अलैहिस्सलाम)** नेपालीमा आदिम र संस्कृत भाषामा आदिमनू भनिएको छ । त्यही **आदम (अलैहिस्सलाम)** बाट आदमी शब्द पनि निस्केको छ जो मान्छेको लागि प्रयोग गरिन्छ ।

हो त्यही प्रथम पुरूष र मनुष्य जातिको प्रथम पितालाई **अल्लाह तआलाले** जुन अनुपम उपदेश र धर्म दिएर पठाउनु भएको थियो त्यसैको नाउँ चाहिं **इस्लाम** हो । उहाँले आफ्नो समुदायलाई उपदेश दिंदै भन्नु भयोः हेर! मात्र आफ्नो असल मालिक र सृष्टिकर्तालाइ पूजा उपासना गर र उहाँबाहेक मूर्ति प्रतिमा, सूर्यचन्द्रमा, आगो- पानी, भूतप्रेत, बोट बिरूवा धामीझाक्रीलगायत मान्छेसम्म कसैको अगाडि सिर नझुकाउ किनकि सिर भनेको मान्छेको ताज हो जसलाई आफ्नो प्रतिपालक **अल्लाहतआला** बाहेक अरू कसैको अगाडि झुकाउनु ठूलो पाप हो। यदि तिमीले मात्र उसैको पुजाउपासना गर्यौ भने तिम्रो लागि परलोकमा स्वर्ग छ र जस्ले उसको पुजाउपासनामा मिश्रण गर्छ भने उसको लागि नर्क छ जहाँ सदैव कष्ट नै कष्ट हुन्छ ।

उहाँको निधन पछि धेरै जसो दूत र सन्देष्टाहरू आए र सबैले त्यही मूल शिक्षाको सम्झना गराए किनकि सबैलाई पठाउने व्यक्ति एउटै **अल्लाह तआला** नै हुनु हुन्छ । ती दूतहरूको श्रृंखला धेरै लामो रहेको छ र त्यस

श्रृंखलाको अन्तिम नायक **मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम)** हुनुहुन्छ । आज भन्दा १४२८ वर्ष अघिको कुरा हो । **अल्लाह तआलाले** उहाँलाई अन्तिम दूत बनाएर पठाउनुभयो र जुन धर्मको सुरूवात प्रथम मनुष्यबाट गराइएको थियो त्यसैलाई नवीकरण गरेर वहाँद्वारा नै पूरै विश्वकै मनुष्यको लागि पूरा गराइयो । केही साथी भ ाईलाई भ्रम भएको छ कि इस्लामको प्रारम्भ चाहिं **मुहम्मद (सल्लल्ला- हु अलैहि वसल्लम)** बाट भएको छ र उहाँ नै इस्लामको संस्थापक हुनुहुन्छ यो मात्र एउटा भ्रम हो जो इस्लामबाट अनभिग्ताको कारण उब्जिएको होला उहाँ चाहिं समस्त दूतहरूको पूरक र अन्तिम सन्देष्ट हुनु हुन्छ । अतः इस्लाम कुनै नयाँ धर्म होइन बरू समस्त दूतहरूको सन्देशको सार रहेको छ । हिन्दू धार्मिक ग्रन्थहरूमा जुन **सनातन धर्म** (सधैंदेखि चलि आइरहेको धर्म) वा शास्वतको वर्णन गरिएको छ त्यो चाहिं इस्लाम नै हो किनकि इस्लाम नै ठोस र सुरूदेखि आइरहेको धर्म हो ।

# अल्लाह तआला

## (सम्पूर्ण संसारको विधाता)

**अल्लाह** भनेको हाम्रो विधाता, जन्मदाता, अन्नदाता र पूरै ब्रम्हाण्डको सृष्टिकर्ता हन् । उहाँले आफ्नो लागि रोज्नु भएको सर्वोत्तम नाम चाहिँ **अल्लाह** शब्द नै रहेको छ ।

**अल्लाहको परिभाषाः** अल्लाह तआलाले पवित्र ग्रन्थ कुरआनमा आफ्नो परिभाषा प्रस्तुत गर्नु भएको छ :

﴿ قُلْ هُوَ ٱللَّهُ أَحَدٌ ۝١ ٱللَّهُ ٱلصَّمَدُ ۝٢ لَمْ يَلِدْ وَلَمْ يُولَدْ ۝٣ وَلَمْ يَكُن لَّهُۥ كُفُوًا أَحَدٌۢ ۝٤ ﴾

**भनिदेउ,** अल्लाह चाहिँ एउटै छन् । कोही उसको पार्टनर र साझेदार छैन ।

❁ उहाँ चाहिँ अनादि र सनातन हुन् । उहाँलाई कसैको सहाराको केही खाँचो छैन ।

❁ उहाँ नत कसैको छोरा हुन् नत कसैको आमाबुवा र उहाँ जस्तो कोही पनि छैन [1] ।

उपऱ्युक्त सुरह चाहिँ झुठो र साँचो सक्कली र नक्कली ईश्वरलाई छुट्याउने ठूलो आधार रहेको छ । आज विश्वभरि जति ईश्वरको पूजा भइरहेको छ तिनीहरूमा फरक पार्न सघाउ पुऱ्याउने ठूलो मापदन्ड

[1]) सूरतुल्- ईखलास (११२÷१-४) ।

हो । खासगरि जन्मभूमिं नेपाल र छिमेकी देश भारतमा धेरै जसो मनुष्यलाई ईश्वरको रूप अथवा अवतार ठानी तिनीहरूको मूर्ति-प्रतिमा र जीवजन्तु लगयात बनस्पतिसम्मको पुजा भइरहेको छ । आउनुहोस् त्यसै सम्बन्धी केही छलफल गरौं किनकि धर्मको आधार ईश्वरको वाणी र पवित्र ग्रन्थ हो अन्धविश्वास र रूढीवादी होइन ।

❁ **अवतारको वास्तविकताः** अल्लाहको बारेमा ध्यानदिने कुरो के छ भने उहाँलाई मनुष्यको रूपमा धर्तीमा अवतार लिने कुनै खाँचो नै छैन । यसको लागि मात्र दुइटा प्रमाण प्रस्तुत गर्दछु :

१) जन्मिनु-मर्नु यो मान्छेको कमजोरी हो । ईश्वर चाहिँ हरेक प्रकारको कमीकमजोरीबाट निश्चल हुनुहुन्छ । जन्मिनु भन्दा पहिलो ९ नौ महिनासम्म आमाको गर्भाष्यमा फोहर रगत खाएर बसनु पर्छ, जन्मेपछि मान्छे लाचार हुन्छन् अर्काको सहारामा बाँचनु पर्छ कहिले त बिहान बेलुका दुई छाक खाना र एकसरो लाउनको लागि धौ-धौ पर्छ। के ईश्वर शक्तिबिहीन र लाचार हुन सक्छ? के बेला बेलामा ईश्वरलाई परिवर्तन गर्न पाइन्छ । एउटालाई द्वापरयुगको र अर्कोलाई त्रेतायुगको ईश्वर भन्नु मिल्छ ? त्यसैले ईश्वरलाई भूंइमा ल्याउनु नै गलत धारणा हो ।

२) दोस्रो प्रमाण के छ भने आज दुनियाँमा हरेक दिन एउटा नयाँ र अनौठो किसिमको मेशिनहरूको निर्माण भइरहेको छ । उदाहरणस्वरूप विमानलाई लिनुहोस् हरेक मान्छे विमानलाई आकाशमा उडाउन सक्दैन । त्यसलाई कसरी उडाउने र कसरी अवतरण गर्ने वा विमान आफैं स्वचालित हुनको लागि विमानको निर्माणकर्ता आफैं विमानको मेशिन त बनेका छैनन् ! बरू तिनीहरूले प्रायः हरेक मेशिनको साथमा एउटा **(Instruction Manual)** दिने गर्छन् जसको प्रकाशमा त्यसलाई चलाउन सजिलो हुन्छ उस्तै मनुष्य पनि अल्लाहको सबै भन्दा ठूलो मेशिन हो । तिनीहरूले अल्लाहको पुजा कसरी गर्ने, के गर्ने के नगर्ने, गर्ने भने कसरी गर्ने कुराहरू सिकाउनको लागि ईश्वरले आफैं मनुष्यको रूपमा अवतार लिनु पर्दैन । बरू **(Instruction Manual)** पठाउनु नै पर्याप्त छ र अन्तिम ईश्वाणी कुरआन चाहिँ **(Instruction Manual)** नै हो जो माथिबाट सम्पूर्ण मनुष्को लागि पठाइएको छ जसमा विश्वकै मान्छेको हरेक समस्याको समाधान र सफलताको एक मात्र गोरेटो रहेको छ ।

**के मान्छे ईश्वर हुन सक्छ :** यो संसारको सर्वोत्तम प्राणी भनेको हामी मानव हौं जुन बुद्धिले गर्दा हामी त्यो स्थानसम्म पुगेका छौं त्यो बुद्धिलाई सदुपयोग गर्नु पर्छ । हाम्रो बुद्धिले के भन्छ भने मान्छे कहिल्यै पनि ईश्वरमा

परिणत हुन सक्दैन वा सृष्टिले कुनै पनि हालतमा सृष्टिकर्ताको ठाउँ लिनसक्दैन किनकि सृष्टि र सृष्टिकर्ता यी दुवै छुट्टा छुट्टै हुन् । दुवैका गुणमा आकाश-पाताल भन्दा बढी फरक रहेको छ त्यसैले मान्छेले कहिले पनि ईश्वरको संज्ञा पाउन सक्दैन। यी कुरालाई बुझ्नको लागि निम्न पंक्तिलाई अध्ययन गर्नु लाभदायक होला :

**१) जन्मिनु मर्नु मान्छेको कमजोरी हो तर ईश्वर** चाहिँ अनादि र सनातन हुनुहुन्छ उहाँ जन्म र मृत्युको बन्धनबाट सदैव मुक्त हुनुहुन्छ भन्ने कुरा ईश्वाणीमा छः

﴿ ٱللَّهُ لَآ إِلَٰهَ إِلَّا هُوَ ٱلۡحَيُّ ٱلۡقَيُّومُ ۝٢ ﴾

अललाह तिनी हुन्, जिनी बाहेक कोही पुजायोग्य छैनन्, उहाँ जीवित हुनुहुन्छ, र सबैका रक्षक होईबक्सनु हुन्छ[1]।

**२) जन्मदेखि मान्छेको सुरूवात हुन्छ** अनि मृत्युले अन्त हुन्छ तर ईश्वरको सुरूवात र अन्त कहिले पनि हुँदैन । अल्लाहले आफ्नो अस्तित्वको वर्णन गर्दै भन्नु भएको छ :

﴿ وَلَا تَدۡعُ مَعَ ٱللَّهِ إِلَٰهًا ءَاخَرَۘ لَآ إِلَٰهَ إِلَّا هُوَۚ كُلُّ شَيۡءٍ هَالِكٌ إِلَّا
وَجۡهَهُۥۚ لَهُ ٱلۡحُكۡمُ وَإِلَيۡهِ تُرۡجَعُونَ ۝٨٨ ﴾

---

[1]) सूरतु आलि-इमरान (३÷२) ।

अल्लाहबाहेक अरू कसैलाई नगुहार । उहाँ नै एक मात्र असल पुज्य हुन् उहाँबाहेक हरेकको अन्तय हुने छ र पछि उसैको दरबारमा उपस्थित हुनु पर्ने छ [1]।

**३) गाँस, बास र कपास भनेको मान्छेको अभिन्न अ,** हो तर अल्लाहलाई त्यसको कुनै खाँचो छैन उहाँ कुरआनमा भन्नु हुन्छ :

﴿ وَمَا خَلَقْتُ ٱلْجِنَّ وَٱلْإِنسَ إِلَّا لِيَعْبُدُونِ ٥٦ مَآ أُرِيدُ مِنْهُم مِّن رِّزْقٍ وَمَآ أُرِيدُ أَن يُطْعِمُونِ ٥٧ إِنَّ ٱللَّهَ هُوَ ٱلرَّزَّاقُ ذُو ٱلْقُوَّةِ ٱلْمَتِينُ ٥٨ ﴾

मैले मानव र दानवलाई मात्र आफ्नो उपासनाको लागि सृजना गरेको छु । म तिनीहरूबाट गाँसको अपेक्षा पनि गर्दिनँ वास्तवमा अल्लाह नै अन्नदाता र सर्वशक्तिमान हुनुहुन्छ [2] ।

**४) निन्द्रा र आराम भनेको मान्छेको कमजोरी हो** तर अल्लाह तआला यी सबै कमजोरीबाट मुक्त र पवित्र हुनुहुन्छ । उहाँ आफैं ग्रन्थमा भन्नु हुन्छ :

﴿ لَا تَأْخُذُهُۥ سِنَةٌ وَلَا نَوْمٌ ٢٥٥ ﴾

---

[1]) सूरतुल्-क़सस (२८÷८८) ।

[2]) सूरतुज़्ज़ारियात (५१ ÷ ५६-५८) ।

उहाँलाई उँग र निन्द्रा लाग्दैन । चालक नै निदायो भने बसको दुर्घटना पक्कै हुन्छ [1] ।

**५) भूलचुक र गल्ती मान्छेबाट हुन्छ ईश्वरबाट** हुँदैन । अल्लाह तआला भन्नु हुन्छ :

﴿قَالَ عِلْمُهَا عِندَ رَبِّي فِي كِتَابٍ لَّا يَضِلُّ رَبِّي وَلَا يَنسَى ﴿٥٢﴾﴾

त्यसको जानकारी अल्लाहसँग किताबमा सुरक्षित छ उहाँबाट भुल पनि हुँदैन र गल्ती पनि हुँदैन [2] ।

**६) अल्लाह सर्वज्ञाता हुनुहुन्छ** तर मान्छेको ज्ञान भनेको सिमित र अधुरो हो । अल्लाह भन्नु हुन्छ :

﴿يَعْلَمُ خَائِنَةَ الْأَعْيُنِ وَمَا تُخْفِي الصُّدُورُ ﴿١٩﴾﴾

आँखाको छल र छातीभित्र लुकेको रहस्यलाई पनि जान्नु हुन्छ [3] ।

अतः अल्लाह सर्वज्ञानी हुनुहुन्छ विगतमाा घटेका वा भविष्यमा घटिने सम्पूर्ण घटनाहरूलाई जान्नु हुन्छ वा जुन घटना घटेन घट्दा कसरी घटनेथ्यो त्यसलाई पनि जान्नु हुन्छ तर मान्छेको खल्तीमा कसैले केही हाल्दा पनि उसले चाल पाउन सक्दैन ।

---

[1]) सूरतुल्-बकारह (२÷२५५) ।
[2]) सूरतु ताहा (२० ÷५२) ।
[3]) सूरतुल्-मुमिन (४० ÷१९) ।

## ७) उहाँलाई हेर्ने शक्ति हामीसँग छैन ।

﴿ لَّا تُدْرِكُهُ ٱلْأَبْصَٰرُ وَهُوَ يُدْرِكُ ٱلْأَبْصَٰرَ ۖ وَهُوَ ٱللَّطِيفُ ٱلْخَبِيرُ ﴾

आँखाले उहाँलाई हेर्न सक्दैन तर उहाँ हरेकलाई राम्ररी हेर्नुहुन्छ। उहाँको स्यानो चिनो जाबो सूर्यलाई आँखाले हेर्न सक्दैनौं भने उहाँलाई साक्षात कसरी हेर्न सक्छौं [1] ।

**८) अति विशाल र शक्तिशाालि हुनुहुन्छ तर** मनुष्य भनेको निकै कमजोर र लाचार हुन्छन् उहाँ कुरआनमा भन्नु हुन्छ :

﴿ وَسِعَ كُرْسِيُّهُ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضَ ۖ ﴿٢٥٥﴾ ﴾

उहाँको खुट्टा राख्नको लागि प्रयोगमा आउने कुर्सि चाहिँ यो आकाश र पताल भन्दा विशाल छ [2] ।

रसूल ﷺ को दूतवाणी छ : अल्लाहको कुर्सिको तुलनामा यो अकाशधर्ती एक रूपैयाको सिक्का जस्तो छ र त्यो कुर्सि चाहिँ उसको (अर्श) सिंहासनको तुलनामा एक रूपैयाको सिक्का जस्तो छ । जब यत्रो विशाल उहाँको सिंहासन छ भने उहाँ आफै कति विशाल हुनुहुन्छ होला ! यो कुरा थाहा पाउन सकिदैन ।

---

[1]) सूरतुल्-अन्आम (६÷१० ३) ।

[2]) सूरतुल्-बकारह (२÷२५५) ।

**९) उहाँ जस्तो कोही पनि छैन** अल्लाह भन्नु हुन्छ :

﴿لَيْسَ كَمِثْلِهِۦ شَىْءٌ﴾ الشورى: ١١

त्यसैले उहाँलाई कल्पनामा ल्याउन सकिदैन [1] ।

**१ ० ) उहाँ हरेक सदगुणबाट परिपूर्ण** र कमी कमजोरीबाट पवित्र हुनुहुन्छ । यो स्यानो पुस्तिकामा उहाँको गुणको वर्णन गर्न सक्दिनँ । अल्लाह आफै भन्नु हुन्छ :

﴿وَلَوْ أَنَّمَا فِى ٱلْأَرْضِ مِن شَجَرَةٍ أَقْلَٰمٌ وَٱلْبَحْرُ يَمُدُّهُۥ مِنۢ بَعْدِهِۦ سَبْعَةُ أَبْحُرٍ مَّا نَفِدَتْ كَلِمَٰتُ ٱللَّهِ ۗ إِنَّ ٱللَّهَ عَزِيزٌ حَكِيمٌ ٢٧﴾

संसारमा भएभरका रूखहरूलाई कलम र यो समुद्र जस्तो झन ७ समुद्रलाई मसिमा परिणत गरि देउ तै पनि अल्लाहको गुणको वर्णन गर्न सकिदैन कलम र मसि सिद्धिन्छ तर उहाँको गुण कहिले पनि समाप्त हुन सक्दैन [2] ।

**प्रिय पाठक !** अघिल्लो उदाहरणले प्रष्ट भइसकेको होला कि मान्छे कहिल्यै पनि ईश्वर बन्न सक्दैन अथवा ईश्वरले मनुष्यको रूप धारण गर्ने कुनै आवश्यकता नै

---

[1]) सूरतुल्-शूरा (४२÷११ ) ।

[2]) सूरतु-लुकमान (३१ ÷२७) ।

छैन त्यसको लागि मनुष्यमध्ये सर्वोत्तम मान्छेलाई सन्देष्टा छनौट गर्नु र उहाँमाथि ईशग्रन्थ अवतरण गर्नु नै पर्याप्त छ । मुहम्मद साहेबलाई अल्लाहले अन्तिम सन्देष्टा बनाउनुभयो र मार्गदर्शनको लागि ज्योति र प्रमाण भनेको पवित्र कुरआन दिनु भयो ।

**ईश्वर एक वा अनेक :** ईश्वरका सम्पूर्ण गुणहरू एउटैमा हुनु पर्नेछ किनकि एक भन्दा बढी ईश्वर वा हरेक कामको लागि बेगलै ईश्वर बुद्धिविपरीत कुरा हो । कुरआनले पनि उस्तै घोषणा गरेको छ :

﴿ لَوْ كَانَ فِيهِمَآ ءَالِهَةٌ إِلَّا ٱللَّهُ لَفَسَدَتَا ﴾ الأنبياء: ٢٢

आकाश र धर्तीमा अल्लाहबाहेक अरू ईश्वर भइ दिएको भए आकाश र धर्ती बरबाद हुनेथियो [1] ।

कुरा के भने नि दुइटा ईश्वर भएमा संसारमा पनि नेपाल जस्तै संकटकाल हुनेथियो सम्पूर्ण संसारको निजाम नै प्रवाहित हुनेथियो तर त्यस्तो नहुनु नै एकेश्वरवादको ठूलो प्रमाण हो। उक्त कुरालाई अल्लाहले झन प्रष्ट पार्दै भन्नु भएको छ :

---

[1]) सूरतुल्-अम्बिया २१ ÷२२) ।

﴿ مَا ٱتَّخَذَ ٱللَّهُ مِن وَلَدٍ وَمَا كَانَ مَعَهُۥ مِنْ إِلَٰهٍۚ إِذًا لَّذَهَبَ كُلُّ إِلَٰهِۭ بِمَا خَلَقَ وَلَعَلَا بَعْضُهُمْ عَلَىٰ بَعْضٍۚ سُبْحَٰنَ ٱللَّهِ عَمَّا يَصِفُونَ ﴿٩١﴾ ﴾ المؤمنون: ٩١

अल्लाहले छोरा बनाउनु भएन नत अर्को पार्टनर यदि उहाँको छोरा र अर्को ईश्वर भइ दिएको भए हरेक ईश्वरले आफूले सृजना गरेको चीजबीज लाने थिए र शक्तिशालीले कमजोरलाई पराजित गरी उसको सत्तामाथि नाजायज कब्जा गर्ने थिए| अल्लाह तिनीहरूको गलत आरोपबाट निश्चल हुनुहुन्छ [1] ।

हो,जस्तै दुइटाराजा मिलेर एउटा मुलुकमाथि शासन गर्न सक्दैन वा एक जंगलमा दुइटा बाघ बस्न सक्दैन उस्तै यो संसारमा दुइटा वा त्यो भन्दा बढी ईश्वर हुनै सक्दैन त्यसैले एउटै सर्वशक्तिमान अल्लाहको धारणा नै उत्तम र बुद्धि अनुकुल रहेको छ ।

❁ **मूर्तिपुजाको वास्तविकताः** आज इस्लाम बाहेक प्रायः जसो हरेक धर्ममा प्रत्यक्ष-अप्रत्यक्ष मूर्तिप्रतिमा वा सृष्टिको पुजा गर्ने प्रथा पाइन्छ । क्रिश्चन धर्ममा जीसजक्राइस्टको मूर्तिको, जैनधर्ममा महाबीरजैनको मूर्तिको, बौद्ध धर्ममा गौतम बुद्धको मूर्तिको र हिन्दू धर्ममा त (ब्रह्मा, विष्णु महादेव) ३ देखि ३३ करोड देवीदेवताको पुजा हुँदो रहेछन् । जुन सुकै वस्तुमा

---

[1]) सूरतुल्-मूमिनून (२३ ÷९१) ।

चमत्कार देखियो त्यसैलाई नमस्कार गर्ने प्रथा चलेको छ । मेरो भनाई के छ भने ईश्वरमा पाइने गुणहरू ती काल्पनिक मूर्तिमा आउन सक्छ ? ईश्वरले गर्ने काम तिनीहरूले गर्न सक्लान् ? के मूर्तिपूजाको कुनै आधार छ ? वा मात्र अज्ञानताको उपज हो । आज अल्लाह बाहेक जुन जिसस क्राइस्ट, श्री राम, सीता र महात्मा गौतमबुद्धको पूजा हुन्छ के तिनीहरूले आफ्नो पुजाको आदेश दिएका छन् ? तिनीहरू आफै कसलाई पुजा गर्थे भन्ने थुप्रै प्रश्न छन् जो अहिलेसम्म अनुत्तरित नै छ । एउटा तुच्छ झिंगा पनि सृजना गर्न नसक्नेले ईश्वरको उपाधि पाउन सक्लान् ? अल्लाहले हाम्रो दिमागको ढोका खोल्नको लागि उदहारण दिएर भन्नु भएको छ यो आकाश र धर्ती मेरो सृजना हो तिमीहरू मबाहेक जुन ईश्वरलाई पुजा गर्दो रहेछौ तिनीहरूले के सृजना गरेका छन् ? सृजना गर्नु त धेरै ठूलो कुरा भयो त्यो झिंगाले प्रशाद र भेंटि खोसेर लग्दा त्यसलाइ पनि फिर्ता ल्याउन सक्दैनन् ।

﴿ إِنَّ ٱلَّذِينَ تَدْعُونَ مِن دُونِ ٱللَّهِ لَن يَخْلُقُوا۟ ذُبَابًا وَلَوِ ٱجْتَمَعُوا۟ لَهُۥ ۖ وَإِن يَسْلُبْهُمُ ٱلذُّبَابُ شَيْـًۭٔا لَّا يَسْتَنقِذُوهُ مِنْهُ ﴾ الحج: ٧٣

अल्लाहबाहेक जति ईश्वरलाई पुजा गरिन्छ ती सबै मिलेर पनि एउटा झिंगा सृजना गर्न सक्दैनन् । कुनै

झिंगाले तिनीहरूको अगाडिबाट चढाइएको लड्डु लिएर भाग्यो भने त्यसलाई पनि खोस्न सक्दैन [1] ।

**प्रिय पाठक!** यो विशाल ब्रम्हाण्ड र भएभरका सम्पूर्ण वस्तुहरू अल्लाहले नै सृजना गर्नु भएको छ । म सोधन चाहन्छु श्री राम, गौतम बुद्ध वा जिसस क्राइस्टले पनि केही कृतिमान कायम गर्नु भएका छन् । तिनीहरू आफै पो सृजित छन् भने अरूलाइ कहाँबाट सृजना गर्नै बरू तिनीहरू सबै मिलेर पनि जाबो एउटा झिंगालाई सृजना गर्न सक्दैन वा त्यसबाट आफूलाई जोगाउन सक्दैनन भने तपाईंलाई के चाहिँ दिन सक्ला र ? त्यसैले रूढीवादीलाई त्यागी अल्लाहको पुजा गर्नुहोस् । अल्लाह भन्नुहुन्छ :

﴿ يَٰٓأَيُّهَا ٱلنَّاسُ ٱعۡبُدُواْ رَبَّكُمُ ٱلَّذِي خَلَقَكُمۡ وَٱلَّذِينَ مِن قَبۡلِكُمۡ لَعَلَّكُمۡ تَتَّقُونَ ٢١ ﴾ البقرة: ٢١

हे मनुष्यहरू तिमी आफ्नो प्रभुलाई पुजा गर जस्ले तिमीलाई र अघिका तिम्रो बाजेपुर्खालाई सृजना गर्नु भएको छ [2] ।

---

1) सूरतुल्-हज्ज (२२ ÷७३) ।
2) सूरतुल्-बकारह (२÷२१) ।

# कुरआन

## अन्तिम ईश्वाणी।

﴿ إِنَّ هَٰذَا ٱلْقُرْءَانَ يَهْدِى لِلَّتِى هِىَ أَقْوَمُ ﴾ الإسراء: ٩

❁ **कुरआनको परिभाषा :** कुरआन चाहिँ अन्तिम ईश्वाणी पवित्र ग्रन्थ हो । सर्वशक्तिमान **अल्लाहले** आफ्नो परमभक्त देवदूत जिबरील द्वारा सर्वश्रेष्ठ सन्देष्टा **मुहम्मद सल्लल्लाहु अलैहिवसल्लम**माथि अवतरण गर्नु भयो ।

❁ हुनत अल्लाह तआलाले माथिबाट प्रशस्तै ग्रन्थहरू अवतरण गर्नु भएको छ ती ग्रन्थहरू खास भाषा, सिमित युग र केही ठाउँको लागि मात्र थिए विश्वब्यापी र सदासदाको लागि थिएन त्यसैले ती ग्रन्थहरू परिवर्तनबाट सुरक्षित रहन सकेनन् । जसरी पानीमा दूध मिसाए पछि दूधलाई अलग गर्नु गाह्रो छ उस्तै ती ग्रन्थहरूमा के साँचो हो र के मिथ्या मान्छेले थपेको छ छुटयाउनु गाह्रो भएको तर अन्तिम दिब्यवाणी पवित्र कुरआन चाहिँ ती ग्रन्थहरू भन्दा भिन्न रहेको छ : प्रथम कुरो के छ भने पवित्र कुरआन विश्वब्यापी अर्थात हरेक जात, वर्ग, भाषा, गोरा-काला, अरबी गैरअरबी सबै मानिसको लागि हो र अर्को कुरा के छ भने कुरआन सिमित ठाउँ र खास युगको लागि मात्र होइन बरू सदा-सदाको लागि हो । यो संसार बाचुन्जेल हरेक ठाउँमा एक मात्र मान्य हुने वा मान्नु पर्ने सुरक्षित ग्रन्थ भनेको नै कुरआन हो ।

**कुरआनको सत्यताको प्रमाणः** यस सन्सारको विभिन्न धर्म ग्रन्थहरूमध्ये पवित्र कुरआन मात्र यौटा यसतो धर्म-ग्रन्थ हो जुन चाहिँ ईश्वरको असल वाणी हो र यो कुनै मनुष्यवाणी होइन भन्ने कुराको सबै भन्दा ठूलो प्रमाण के छ भने आजसम्म कुनै पनि मान्छेले कुरआन जस्तो उच्च कोटिको र अनुपम खालको कुरआन प्रस्तुत गर्ने आँट पनि गर्न सकेका छैनन् ।

कुरआन अरबी भाषामा अवतरित ग्रन्थ हो किनकि अन्तिम ईश्वाणीको लागि त्यो भन्दा बढी उचित र उपयुक्त भाषा अरू थिएन । अर्को कुरो के छ भने वहाँको समुदाय अरबी साहित्य र भाषाका ठूलठुला ख्यातिप्राप्त विद्वान थिए । तिनीहरूलाई आफ्नो भाषा र साहित्यमाथि यत्रो गर्व थियो कि आफूबाहेक पूरै विश्वकै गैरअरबी समुदायलाई (अजमी) लाटा सम्झन्थे त्यसता विद्वानलाई कुरआन जस्तो पवित्र ग्रन्थ वा कम्तीमा कुरआन जस्तो एउटा श्लोक प्रस्तुत गर्ने हाँक दिइयो । उक्त चुनौतीको **एक हजार चार सय वर्ष** भन्दा बढी भयो तैपनि आजसम्म कसैले पनि त्यसलाई स्वीकार गर्ने आँट गरेका छैनन् । अल्लाहले हाँक दिंदै भन्नु भएको छ :

﴿ قُل لَّئِنِ ٱجْتَمَعَتِ ٱلْإِنسُ وَٱلْجِنُّ عَلَىٰٓ أَن يَأْتُوا۟ بِمِثْلِ هَـٰذَا ٱلْقُرْءَانِ لَا يَأْتُونَ بِمِثْلِهِۦ ﴾ الإسراء: ٨٨

भनिदेउ, पवित्र र सत्यताले भरिपूर्ण कुरआन जस्तो कुनै ग्रन्थ प्रस्तुत गर्नको लागि यदि पूरै विश्वकै मानव र दानव एकजुट भए तापनि त्यस्तो वाणी ल्याउन सक्ने छैनन् [1] ।

**प्रिय पाठक!** आज १४२८ वर्ष भन्दा बढी जमाना बितिसक्यो तै पनि यो हाँक अनुत्तरित नै छ के यो कुरआनको सत्यताको ठूलो प्रमाण हैन? मान्छे चाहिँ चन्द्रमासम्म पाइला टेक्न सफल भएका छन् तर यसको जवाफ दिएर कृति कायम गर्न किन सफल हुन सकेका छैनन् ? किनकि यो ईश्वाणी हो मनुष्यवाणी होइन त्यसैले कुरआनको पहिलो पानामा कुनै लेखकको नाउँ वा नयाँ अथवा पूरानो एडिशन केही पनि उल्लेख हुँदैनन्।

**अर्को प्रमाणः** कुरआन चाहिँ विगत 14 शताब्दीदेखि आफ्नो यथावत रूपमा बाँकी छ र संसार बाचुन्जेल सुरक्षित रहने छ किनकि **अल्लाह तआलाले** स्वयं त्यसको सुरक्षाको जिम्मा लिनु भएको छ जो अरू ग्रन्थलाई प्राप्त हुन सकेन र मुस्लिम समुदायका बालबाकिाले पनि त्यसलाई कण्ठ गरेर आफ्नो छाती भित्र सुरक्षित गर्नुमा ठूलो भूमिका निर्वाह गरेका छन् । अल्लाह भन्नु हुन्छ :

﴿ إِنَّا نَحْنُ نَزَّلْنَا ٱلذِّكْرَ وَإِنَّا لَهُۥ لَحَٰفِظُونَ ﴿٩﴾ ﴾ الحجر: ٩

---

1) सूरतुल्-इसरा १७/ ८८ ।

मैले नै (जिक्र) कुरआनलाई अवतरण गरेको छु र म नै त्यसलाई सुरक्षित पनि राख्ने छु [1] ।

यदि यहाँहरूलाई विश्वास लाग्दैन भने पूरै विश्वकै कुरआनलाई जम्मा गर्नुहोस् एउटा हर्स दिर्घ, बुंदा र मात्राको पनि फरक हुनेछैन किनकि हालको बाइबल र वेदपूराण जस्तो कुरआन कसैको सृजना होइन बरू त्यो अल्लाह तआलाको वाणी र अन्तिम धर्म ग्रन्थ हो । अल्लाह तआला भन्नु हुन्छ :

﴿ أَفَلَا يَتَدَبَّرُونَ ٱلْقُرْءَانَۚ وَلَوْ كَانَ مِنْ عِندِ غَيْرِ ٱللَّهِ لَوَجَدُوا۟ فِيهِ ٱخْتِلَٰفًا كَثِيرًا ﴿٨٢﴾ ﴾ النساء: ٨٢

के तिनीहरू कुरआनमा विचार पुऱ्याउँदैनन् यदि त्यो मनुष्यवाणी भइदिएको भए त्यसमा प्रशस्तै विवाद हुने थियो [2] ।

अतः विवाद र मतभेदबाट चोखो हुनु नै ईश्वाणीको भरपर्दो प्रमाण हो ।

❁ **तेस्रो प्रमाण** के छ भने भविष्यमा घटिने कुराको बारेमा कुरआनका हरेक भविष्यवाणीहरू सत्यमा परीणत हुँदै गइ रहेका छन् । ती भविष्यवाणीमध्ये एउटा

---

1) सूरतुल्- हिज्रः (१५÷९) ।
2) सूरतुन्निसा (४÷८२) ।

भविष्यवाणी चाहिँ मिस्र (Egept) को शोषक र दमनकारी राजा **(Meneptah) फिरऔनको** सन्दर्भमा रहेको छ अल्लाहले उसलाई **(Red Sea)** भन्ने समुद्रमा बरबाद पार्नु भएको थियो तर मान्छेले उसको शवबाट पाठ सिकोस भनेर उसको लाशलाई जोगाउने वाचा गर्दै भन्नु भएको थियो :

﴿ فَٱلْيَوْمَ نُنَجِّيكَ بِبَدَنِكَ لِتَكُونَ لِمَنْ خَلْفَكَ ءَايَةً ﴾ يونس: ٩٢

आज म तिम्रो शवलाई जोगाउने छु जो हरेक अत्याचारी र दमनकारीको लागि ठूलो पाठ हुनेछ [1] ।

**1898 मा एउटा पुरानो डुंगामा (Meneptah) फिरऔनको लाश फेला पर्यो । जाँचपछि फरान्सको ख्यापिप्राप्त चिकित्सक (Dr. Maurice Bucaille) ले भन्नु भयो : समुद्रको पानीले लाशमाथि धेरै असर गरेको छैन बरू त्यो सुरक्षित नै छ ।**

**प्रिय पाठक !** आज त्यस लासको 3000 वर्ष भन्दा बढी भइसक्यो तैपनि त्यो शव मिस्रको म्यूजियममा सुरक्षित राखिएको छ । उक्त लाश फेला पर्नु भन्दा **1300** वर्ष अघि कुरआनले त्यस सम्बन्धी घोषणा गरेको थियो जो **1898 मा** साँचोमा परिणत भयो के यो कुरआनको सत्यताको ठूलो प्रमाण हैन र ? ।

---

[1]) सूरतुल्-यूनुस (१० ÷९२) ।

# मुहम्मद

## (सल्लल्लाहु अलैहि वसल्लम)

﴿ مَّا كَانَ مُحَمَّدٌ أَبَآ أَحَدٍ مِّن رِّجَالِكُمْ وَلَٰكِن
رَّسُولَ ٱللَّهِ وَخَاتَمَ ٱلنَّبِيِّـۧنَ ﴾ الأحزاب: ٤٠

# अन्तिम ईश्दूत

**उहाँको शुभनामः** मुहम्मद बिन अबदुल्लाह बिन अबदुल-मुत्तलिब बिन हाशिम अल-कुराशी ।

**बुवाको नामः** अब्दुल्लाह ।

**हजुरबाको नाम :** चाहिं अबदुल-मुत्तलिब ।

**आमाको नाम :** आमिना बिन्ति वहब ।

**खान्दान :** कुरैश । अरबको प्रसिद्ध र उच्च कोटिको बंश भनेको कुरैश नै रहेको छ ।

**शुभजन्मः** २२अप्रिल ५७१ ई.(९रबिउल-औवल)।

**जन्मिने ठाउँ :** मक्का (अरबको प्रसिद्ध ठाउँ) ।

**जन्मदिन :** सोमवारको बिहान ।

**बाल्यकाल :** यो धर्तीमा जन्मिनु भन्दा पहिले नै उहाँको बुबा बिति सक्नु भएको थियो । ६ वर्ष पुग्दा पुग्दै आमा पनि छाडेर जानु भो । टुहुरोको जीवन अभावै अभ ावमा बिताउनु पर्‍यो । असाध्यै माया गर्ने आमाको निधन पछि उहाँको पालन पोषणको जिम्मा हजुरबा अबदुल-मुत्तलिबले लिनु भयो । ८ वर्ष हुँदा हुँदै उहाँले पनि बेसहारा छाडेर जानुभयो । त्यसपछि काका अबु-तालिबले आमाबुवा दुवैको सम्पूर्ण जिम्मेवारी निभाउनु भयो । टुहुरो भएर जन्मिए पछि धनाढ्य मान्छे सरह जीवनको मज्जा, शिक्षा दिक्षा, ठूलो संस्कार र सत्कार पाउनु

भएन बरू एउटा आम टुहुरो झै जीवन बिताउन बाध्य हुन प्‍यो । न्यानोकाख दिने काकाको बोझ कम गर्नको लागि सानैदेखि मामूली पैसामा अरबको चर्को घाममा बाखाहरू चराउन थाल्नु भयो। केही वर्षपछि व्यवसायतिर लाग्नु भयो । आफ्नो राम्रो स्वभाव र अनुपम ब्यवहारले गर्दा सानैमा ठूलो नाम कमाउनु भयो । मक्कावासी उहाँलाई **अमीन र सादिक** अथवा साँचो र असल मान्छेको उपमा दिएर बोलाउने गर्दथे ।

**बोहैरा पादरीको भविष्यवाणी :** १२ वर्षको उमेरमा काकाले उहाँलाई सिरीयाको व्यवसायिक भ्रमणमा पठाउनु भयो । सिरीयाको बुस्रा नामी शहर पुगे पछि त्यहाँ रात पर्‍यो र त्यहीं विश्राम गर्ने सोच बनाउनु भयो र त्यसै ठाउँमा ईसाई धर्मगुरू बोहैरासँग जमका भेंट भयो र उहाँले मुहम्मदलाई देख्ने बित्तिकै हात समातेर ब्यवसायिक साथीहरूलाई सम्बोधन गर्दै भन्नु भन्यो :

هذا سيد العالمين ، هذا يبعثه الله رحمة للعالمين"

हेर, यो कुनै चानचुने केटो हैन तिमी हेर्दै जाउ यो अवश्य एक दिन पूरै विश्वकै सर्वश्रेष्ठ नायक बन्ने छ ।

बुढापाकाहरूले सोधेः तपाईंले कसरी थाहा पाउनु भयो ? पादरीले जवाफ दिए : जब तिमीहरू यस शहरमा प्रवेश गरेका थियौ त्यत्तिबेला यहाँका प्रत्येक ढुंगा र

बोटबिरूवाले ढोग गरेका थिए र यी वस्तुहरू मात्र ईश्वरदूतलाई नै ढोग गर्छन्| अर्को कुरो के छ भने उहाँको पाखुराको पछाडिमा रहेको नुबुवतको मोहरले पनि चिन्दछु र तेस्रो कुरो के छ भने हाम्रो धार्मिक ग्रन्थले पनि उहाँको उत्पत्तिको सूचना दिइ राखेको छ। |
फेरि त्यो पादरीले एकदम धुमधामले तिनीहरूलाई भोज खुवाउएर बिदाई पार्टी दिनु भयो |

**विवाह बंधनः** २५ वर्षको कलकलाउँदो उमेरमा ४० वर्षकी बिधुवा आइमाई **खदिजा रजियल्लाहु अन्हा** (उनीदेखि अल्लाह तआला प्रसन्न होउन्)सँग विवाह गरेर समाजमा व्यापक अन्धकार र बिधुवाले अर्को बिहे गर्न नपाउने विद्यमान रूढीवादीलाई जरैदेखि निर्मुल पार्नुभयो| उहाँको जीवनमा कुनै अर्को बिहेबारी गर्नुभएन |

**सन्तानः** उहाँको मायालु कोखबाट **२ वटा छोरा कासिम र अबदुल्लाह** पाउनु भयो जो बाल्यकालमा (सन्देष्टाको ताजले सम्मानित हुनु पूर्व) नै आमाबुवा दुवैलाई छाडेर गए |

अल्लाहले त्यही धर्मपत्नीको कोखबाट ४ छोरी पनि दिनु भयो | सबै छोरीले इस्लाम स्वीकार गरे र सानी छोरी फातिमाबाहेक सबैको मृत्यु उहाँको जीवनकालमा नै भयो |

**इब्राहीम** नामको उहाँको अर्को छोरा पनि हुनुहन्थ्यो जो उहाँको अर्को धर्मपत्नी श्रीमती मारिया (रजि यल्लाहु अन्हा) को कोखबाट जन्मिनु भएको थियो उहाँ पनि बाल्यकालमा खसनु भयो अतः **जम्मा उहाँले ७ सन्तान (३ वटा छोरा र ४ छोरी) पाउनु भयो ।**

**झगडाको निर्णयः** मक्कामा भीषण बाढी र पहिरोले काबाका भित्ताहरूमाथि ठूलो असर पुऱ्याएको थियो । मक्काबासीको सल्लाह अनुसार त्यसको पूनः निर्माण भयो। त्यसपछि कालो ढुंगा (हजरे-असवद) कस्ले लगाउने कुरामाथि वादविवाद चर्कियो अन्तमा सबैले निधो गरे कि हेर, यो फलानो ढोकाबाट जो पहिले भित्र आउँछ हामीलाई उसको फैसला मनजुर छ । सबैको समहमति पछि प्रतिक्षाको घडी भनेको धेरै लामो भयो र अचानक त्यही ढोकाबाट हजुर सल्लल्लाहु अलैहीवसल्लम भित्र आउनु भयो उहाँलाई हेर्न बित्तिकै सबैले एकै स्वरमा कराउन थाले : अमीन आयो हामीलाई उसको फैसला मन्जुर छ । (त्यत्तिबेला उहाँ ३५ वर्षको हुनुहुन्थ्यो) अनि उहाँले झगडाको कारण थाहा पाए पछि एउटा ठूलो च्यादर (खोस्टो) मा कालो ढुंगा राखेर सबै गोत्रको प्रमुखलाई त्यो समातेर माथि उठाउन भन्नु भयो कालो ढुंगा राख्ने ठाउसम्म पुगे पछि उहाँले आफ्नै चोखो हातले त्यसलाई उसको उपयुक्त स्थानमा लगाइ दिनुभयो यो फैसला यति उत्तम र निषपक्ष थियो कि सबै

मक्काबासीको खुसीमा सुनमा सुगन्ध थपियो र सबै हर्षोल्लासको साथ घर फर्के।

❁ **दूतत्वको ताजले सम्मानित : २१ रमजान** तदानुसार १० अगस्त ६१० ई.मा **अल्लाह तआलाले** उहाँलाई **हिरा** भन्ने गुफामा देवदूत **जिबरीलद्वारा** अन्तिम रसूल छनौट गर्नुभयो र प्रमाणस्वरूप अन्तिम दिब्य वाणी पवित्र ग्रन्थ कुर्आन दिनुभयो जो आजसम्म आफ्नो यथावत रूपमा जस्ताको त्यस्तै छ। त्यसदिन सर्वपथम कुरआनको "**सुरह अलक" का** केही श्लोकहरू अवतरण भएको थियो।

❁ **इस्लामको निमन्त्रण :** उहाँको भय र त्रास समाप्त भएपछि अल्लाहले दोस्रो (वह्य) ईश्वाणी सूरह मुद्दस्सिर अवतरण गर्नुभयो र उहाँको काँधमाथि जुन भार लादिएको छ त्यसलाई सुन्दर तरिकाले निर्वाह गर्ने आदेश दिनु भयो :

﴿ يَٰٓأَيُّهَا ٱلۡمُدَّثِّرُ ۝١ قُمۡ فَأَنذِرۡ ۝٢ ﴾ المدثر: ١ - ٣

हे सन्देष्टा ! उभ अनि (नर्कको यातनाबाट आफ्नो समुदायलाई) सचेत गराउनुस्[1]।

मक्का चाहिं पूरै अरबको धार्मिक केन्द्रबिन्दू थियो। काबा भित्र ३६0 निर्मित मूर्तिको पूजा हुन्थ्यो वर्षौंदेखि

---

[1]) सूरतुल्-मुद-दस्सिर (७४÷१-३)।

बाजेपुर्खाबाट मान्यताप्रप्त संस्कार र परमपरा गलत भए तापनि त्यसलाई छाडी दिनुहोस् ठाडै भन्नु उचित थिएन त्यसैले अल्लाहको आदेश अनुसार उहाँले गोप्य तरिकाले मात्र निकटतम व्यक्तिलाई इस्लामको प्रचार प्रसार गरे र उहाँकी धर्मपत्नी खदीजा, उहाँको असल मित्र अबुबक्र, उहाँको दास जैद र उहाँको काकाको छोरा अली चाहिँ सर्वप्रथम इस्लाममा प्रवेश भएर भाग्यशाली बने।

**खुल्लमखुल्ला प्रचार :** दुइ चार जना इस्लाममा आइसकेपछि अल्लाह तआलाले खुल्लम खुल्ला इस्लामको प्रचार प्रसार गर्ने अनि सर्वप्रथम आफ्नो खान्दानबाट आरम्भ गर्ने आदेश दिंदै भन्नु भयो :

﴿ وَأَنذِرۡ عَشِيرَتَكَ ٱلۡأَقۡرَبِينَ ٢١٤ ﴾ الشعراء: ٢١٤

हे मुहम्मद! तिमी आफ्नो गोत्रबंश र निकटतम व्यक्तिलाई नर्कको आगोबाट जोगाउ [1]।

त्यसपछि उहाँले आफ्नो समपूर्ण खान्दानलाई **सफा पर्वतमाथि** जम्मा गर्नु भयो अनि तिनीहरूलाई सम्बोधन गर्दै पहिलो आफ्नो चरित्रको बारेमा सोधनु भयो : **यो पहाडको पछाडिमा सशत्र लडाकु र डाकाहरू लुकेर बसेका छन् र मौका मिल्ने बित्तिकै हमला गर्नेछन्**

[1]) सूरतुश्शुआरा (२६÷२१४)।

भन्छु भने के तिमीहरू मेरो कुरा पत्याउँछौ? मलाई जवाफ देउ। त्यहाँ उपस्थित सम्पूर्ण जनसमुदायले एकै स्वरमा जवाफ दिएः यत्रो ४० वर्षको लामो अवधिसम्म हामीले हजुरलाई मात्र साँचो कुरा बोल्ने व्यक्ति मान्दै आएका हौं तसर्थ हामीले हजुरको कुरा किन न पत्याउनु? यो जवाफ सुनेर उहाँले भन्नुभयोः हेर्नुहोस्, अल्लाहले मलाई यहाँहरूलाई सम्झाउन बुझाउनको लागि ईश्दूत बनाएर पठाउनु भएको छ त्यसैले निर्मित मूर्ति प्रतिमालाई हैन बरू सर्वशक्तिमान विधाता अल्लाहको पुजा गर्नुहोस्। यो इस्लामको प्रथम पाठ सुन्ने बित्तिकै अबु-लहबले उहाँलाई श्रापदै जवाफ दिए : तिमी बरबाद हौउ। के तिमीले यसै कामको लागि हामीलाई जम्मा गरेका थियौ। यत्रो ४० वर्षसम्म १ चोटि पनि झुठो नबोलेको मान्छेलाई तिनीहरूले झुठलाए र जसलाई आदरको दृष्टिले हेर्थे हेला गर्न थाले।

**मक्काबाहिर इस्लामको प्रचार :** त्यसपछि अल्लाहले अर्को श्लोक अवतरण गर्नुभयो :

﴿ وَقُلْ إِنِّيٓ أَنَا ٱلنَّذِيرُ ٱلْمُبِينُ ﴾ ٨٩ الحجر: ٨٩

मुश्रिकको पर्वाह नगरि तिमीलाई जुन कार्यभार सुम्पिएको छ त्यसलाई खुल्लमखुल्ला भनि देउ [1]। उक्त

---

[1]) सूरतुल्-हिज्र (१५÷ ८९)।

आदेशपछि उहाँले मक्काबाहिर छिमेकी गाउँ र वरपर सर्वत्र प्रचारप्रसारमा ब्यस्त हुनु भयो। □

जुन दिनदेखि अल्लाहले उहाँलाई दूतत्वको ताजले ठूलो जिम्मेवारी सुम्पिनु भएको छ त्यस दिन देखि आराम भनेको के हो ! मिठो निन्द्रा भनेको के हो ! स्वादिष्ट परिकार भनेको के हो ! तातो बिछ्यौना र चिसो पानी भनेको के हो सबै बिर्सनुभयो र इस्लामको प्रचारप्रसारको लागि ज्यानै जोखिममा राखी कार्यरत हुनु भयो तर आफ्नो दायित्वबाट कहिल्यै पनि पछि सर्नु भएन।

❁ **मक्कीयुगः** १३ वर्षसम्म मक्कावासीहरूलाई मनुष्यको गुलामी बाट जोगाई मात्र अल्लाहको गुलामी गर्ने सृष्टिपूजा त्यागी मात्र सृष्टिकर्ताको पूजा गर्ने आह्वान गर्नु भयो तर बहुदेववादीहरूले उहाँको यो धर्मोपदेश मन परेन उल्टै उहाँलाई र उहाँका साथीहरूलाई नानाथरीका गलत आरोप लगाए, सहन नसक्ने यातना दिए त्यसमा सफलता मिलेन भने सुन्दरीद्वारा ईमान किन्न खोजने दुसप्रयास पनि गरे।

❁ **अरब सुन्दरीद्वारा इमान किन्ने दुस्प्रयासः** झूठो र गलत मान्छेको मनसायमा सधैं स्वार्थ लुकेको हुन्छ त्यसैले तिनीहरूलाई धनसम्पत्ति, विदेशी गाडी, प्रशस्त बैंकबैलेन्स, ठूलोबंगला, आलीशानमहल र सुन्दरीहरूको लोभ देखाई उसको ईमान किन्नु बाँया हातको खेल हो।

बहुदेववादी अथवा उहाँको युगमा रहेका गैर मुस्लिमहरूले उहाँलाई पनि धनसम्पत्ति, अरबसुन्दरी र सत्ताको आडमा उहाँको ईमान किन्न खोजे तर उहाँले लोभ लाग्दो प्रस्तावलाई लत्याउँदै भन्नु भयो :

**والله لو وضعو الشمس بيميني والقمر بيساري على أن أترك هذا الأمر ما تركته .**

अल्लाहको कसम खाएर भन्छुः यदि तिमीहरूले मेरो दायाँ हातमा सूर्य र देब्रेमा चन्द्रमा पनि आकाशबाट झारेर राखि दिन्छौ तापनि म यो शुभकार्यलाई कदापी छाड्न सक्दिनँ ।

**प्रिय पाठक !** मात्र एक छिनको लागि सोच्नुहोस् त स्वार्थी र ऐशमौजको चाहना बोक्नेहरूको लागि यो सम्पत्ति, राजगद्दी, शीशमहल, भए भरको सुख र सुन्दरीहरू के उच्च प्रस्ताव थिएन तर उहाँले किन स्वीकार गर्नु भएन किनकि उहाँको उद्देश्य भनेको निश्चल थियो हामीलाई मान्छेको गुलामीबाट मुक्ति दिलाएर मात्र साँचो ईश्वर अल्लाहको भक्त बनाउनु थियो ।

**❁ पूर्ण बहिष्कारः** हजुरको सत्यताको अर्को प्रमाण के छ भने जब उहाँले तिनीहरूको गलत प्रस्तावलाई स्वीकार गर्नु भएन त्यत्तिखेर तिनीहरूले हजुर र उहाँलाई साथ

दिने हरेक मान्छेसँग नातागोता तोडी पूर्ण बहिष्कारको घोषणा गरे त्यसैले हजुर र उहाँका सम्पूर्ण नयाँ मुस्लिम साथीहरूलाई **(शेअबे अलि- तालिब)** नामी गुफा भित्र कैदी झैं जीवन बिताउनु पऱ्यो । अनाज र खाने कुराहरू विस्तारै विस्तारै सकिंदै गयो । बाहिरबाट मालसामान ल्याउने कुनै साधन थिएन । कहिले अर्को ठाउँबाट गाडी आउँथ्यो भने तिनीहरू मात्र मुस्लिमहरूलाई दुःख दिनको लागि बढी मोल दिएर किन्ने गर्थे । 3 वर्षसम्म भोकले गर्दा गुफाभित्रका बोट बिरूवाको पात, छाला र फेदका बोक्राहरू खानु पर्यो। बच्चा र महिलाहरूले सहन नसक्ने दुःख र पीडा भोग्नु पऱ्यो तर उहाँ इस्लामको प्रचार प्रसारबाट पछि हट्नु भएन बरू तिनीहरूको गलत प्रस्तावलाई कदापी स्वीकार गर्नु भएन ।

❁ **हत्याको षडयन्त्रः** तिनीहरूले पुरै 13 वर्षसम्म साह्रै दुःख दिए । पटकपटक हत्याको षडयन्त्र पनि गरे कहिलेकाहिँ माथिबाट भारीभरकम चट्टान खसालेर हत्या गर्ने दुस्प्रयास गरे भने कहिले भोजको निम्तोको नाटक गरी खानामा विष हालेर मार्न खोजे र एक दिन त हदै भो पुरै मक्काका ज्यान मार्ने खप्पिस तन्नेरीहरू चारैतिरबाट घरलाई नै घेरिसकेका थिए तर अल्लाहले देवदूतद्वारा तिनीहरूको षडयन्त्रको पर्दाफास गर्नु भयो र लुकेर ज्यान बचाएर मातृभुमि छाडेर मदिनातर्फ प्रवास गर्नु भयो ।

**❁ मदिनाको प्रवास :** हजुरका धेरै साथीहरू शारीरिक र मानसिक यातना नसहेर प्रिय मातृभुमि र सम्पूर्ण चलअचल सम्पत्ति सबथोक छाडेर पहिले नै मदिना प्रवास गरि सक्नु भएको थिए। हजुरचाहिँ अल्लाहको आदेशको प्रतीक्षामा हुनुहुन्थ्यो । माथिबाट आदेश मिल्ने बित्तिकै उहाँले पनि लुकेर मदिनातिर पलायन हुनुभयो । प्रवासको समयमा उहाँ बारम्बार मक्कातिर हेर्दै इतिहासिक शब्द भन्नु भएको थियो :

**"हे मक्का ! मेरो मातृभूंमि, संसारमै सबै भन्दा प्रिय ठाउँ तिमी नै हौ । मेरे कोख र काख तिमी नै हौ म तिमीलाई छाडन चाहन्न तर म विवश छु यति भनेर मुटुलाई थामेर मदिनातर्फ लाग्नुभएको थियो"** ।

**❁ मक्काको विजय :**मदिनामा पनि तिनीहरूले आरामसँग सुखको साँस फेर्न दिएनन् । बारमबार आक्रमण गरेर दिक्क पारे । तैपनि ८ वर्षको ठूलो संघर्षपछि पछि मातृ भूमिं मक्कामाथि विजय प्राप्त गर्नुभयो। जुन मातृभूंमि बाट शत्रुले निकालेको थियो त्यही भूंमिमा एउटा विजेताको हैसियतले प्रवेश गर्नुभयो । शत्रुहरू कैदीझै सिर झुकाएर उभिएका थिए । तिनीहरू माफी माँग्ने लायकका पनि थिएन तै पनि उहाँले सबै शत्रुलाई क्षमा गर्दै भन्नुभयोः तिमी सबै आजाद छौ र आजाद रहने छौ कसैले पनि तिमीहरूलाई छर्के आँखाले पनि हेर्न सक्दैन र आज हामी जे छौं त्यसमा मेरो केही बहादुरी छैन यो

मात्र अल्लाहको कृपा र मेरा साथीहरूको त्यागको फल हो । उहाँको उच्च बिचार सुन्ने बित्तिकै धेरैजसो ठूलठूला काफिरहरू इस्लामलाई आत्मसात गर्न बाध्य भए । उहाँको रगतको प्यासो अबउपरान्त उहाँको लागि मर्न पाउँनुलाई सौभाग्य ठानेका थिए र मिनेटमा शत्रुता मित्रता, आस्था र आदरमा परिणत भइसकेको थियो ।

**स्वर्गारोहणः**मदिनामा जम्मा १० वर्ष बिताई इस्लामी विधि विधान पूरा गर्नु भयो र अन्तिम अलविदाई हजपछि ६३ वर्षको उमेरमा ११ हिजरीमा मदिनामै उहाँको देहावसान भयो र उहाँको चिहान आज पनि मदिनामा सुरक्षित छ। (अल्लाहले उहाँमाथि निकै चिरशान्ति गरून्) ।

**उहाँको सादाजीवन :** मदिनामा उहाँले इस्लामिक राज्य कायम गर्नुभयो, मानसम्मान र इज्जत सब थोक पाउनु भयो । उहाँका साथीहरू उहाँको मात्र एक इसारा पाए आकाशबाट तारा झारेर ल्याउने खालका थिए । (बैतुल-माल) देशको कोषको साँचो उहाँको हातमा नै थियो तलमाथि जे पनि गर्न सक्नु हुन्थ्यो तैपनि उहाँले आफ्नो लागि आजको नेता झैं प्रशस्त बैंकबैलेन्स, आलीशान महल, चियाबगान, फैक्ट्री जग्गा-जमीन, चल अचल सम्पत्ति, विदेशी मोटरगाडि लाखौंको गरगहना केही पनि बटुल्नु भएन बरू एउटा सर्वसाधारण भन्दा तल्लो स्तरका जीवन निर्वाह गर्नुभयो आउनुहोस् त्यसको

वृत्तान्त उहाँकै धर्मपत्नी आइशा रजियल्लाहु अन्हाबाट सुनौं :

**आर्थिक स्थितिः** हामीले कहिल्यै पनि २ दिन लगातार पेट भरेर खाना खाएनौं एक दिन खान्थे भने अर्को दिन भोकै बस्थ्यौं । धेरैसजो २ दुई महिनासम्म चुलोमा आगो बल्दैन्थ्यो खजुर र जमजमको पानीको सहारामा जीविका चल्थ्यो । भोकले गर्दा उहाँ चाहिँ पेटमाथि ढुंगा बाँधनु हुन्थ्यो ।

❁ **उत्तम गहुँको रोटी** ःहजुरको साथी सहल भन्नु हुन्छः जुन दिनदेखि अल्लाहले उहाँलाई दूतत्वको ताजले सम्मानित गर्नुभएको छ त्यस दिनदेखि मृत्युसम्म (२३ वर्ष) कहिले पनि उत्तम गहुँको रोटी खानु भएन।

❁ **ओछ्यानको नाममा** एउटा खाट र खजुरको चटाईको मात्र प्रयोग गर्नु हुन्थ्यो। आजको झै बिदेशी पलंग र आरामदायक सोफासेट र एसी, फिरीज थिएन ब्यूँझदा पवित्र शरीरमाथि त्यसको छाप पऱ्थ्यो । उहाँका साथीहरूले उहाँको लागि राम्रो खालको पलंग र ओछ्यान बनाउने सल्लाह दिनुभयो तर उहाँले ठोकराउँदै भन्नुभयोः मलाई यो दुनियाँसित के मतलब ? हामी त एउटा यात्री नहौं ! मुस्लिमको असल जीवन भनेको नै स्वर्ग हो मलाई यहाँ होइन त्यहाँ चाहिएको छ ।

**घरः** खजुरको परालले तयार पारिएको स्यानो घर थियो कुनै ठूलो बंगला र दरबार थिएन । उहाँकी धर्म पत्नी भन्छिन्: हजुर रातमा सलाः पढ्नु हुन्थ्यो त्यत्तिबेला म चाहिँ सुतेकी हुन्थे । सलाःको एउटा अभिन्न अ. भनेको ढोग हो जसलाई अरबीमा सजदा भनिन्छ जो दुइ हात, दुई गोडा, दुई घुँडा र निधार भूईंमा टेकेर गर्नु पर्छ । सजदा गर्दा भूइंमा पर्याप्त ठाउँ नभएकोले उहाँ औंलाले मेरो खुट्टालाई थिचनु हुन्थ्यो अनि म खुट्टालाई खुम्च्याउथे फेरि उहाँ चाहिँ सजदा गर्नु हुन्थ्यो । एउटा सहाबीले प्रश्न गर्नु भयोः यहाँको खुट्टालाई थिचनुको के आवश्यकता थियो ? नथिचिकन पनि त मोर्न सक्नु हुन्थ्यो नि ? यो प्रश्न सुनेर उहाँले जवाफ दिनुभयो : त्यत्तिबेला हाम्रो घरमा बत्ती कहाँ हुन्थ्यो र ?

**पैतृकसंपत्तिः** जब उहाँको निधन भयो र निधनपछि उहाँले आफ्नो सन्तानको लागि ठूलठुला महल, प्रशस्त बैंकबैलेन्स र जग्गाजमीन केही पनि छाड्नु भएन । पैतृकसम्पत्तिको नामा मात्र एउटा सेतो खच्चर र स्यानो हतियार बाहेक अरू केही पनि थिएन ।

यस्तो असल र निस्वार्थमाथि द्वोष लगाउनु मिल्छ ? के उहाँले आफ्नो स्वार्थको लागि इस्लामको नाटक गर्नु भयो ? यो फैसला प्रिय पाठकले नै गर्नुपर्छ । वास्तवमा उहाँ साँचो हुनुहुन्छ र उहाँको सेतो लुगामा कुनै पनि

कालो दाग छैन त्यस कारणले उहाँलाई अवश्य स्वीकार गर्नुहोस् नत्र पछि पछुताउनु पर्ला र त्यत्तिबेला चाहेर पनि तपाईं केही गर्न सक्नु हुन्न । कयामतको दिन घुस वा सोर्सले तलमाथि केही हुन सक्दैन त्यहाँ एकएक पाईको हिसाबकिताब हुनेछ र हरेकले आफ्नो कर्म अनुसार प्रतिफल पाउने छ । अल्लाहले कुरआनमा घोषणा गर्नुभएको छ : यो धर्तीको ठूलो पाप भनेको शिर्क अथवा एक अल्लाहबाहेक मुर्तिप्रतिमा अथवा सृष्टि पुजा हो र यो कदापी क्षमा हुन सक्दैन त्यसैले समयमै बुद्धि पुऱ्याउनुहोस् र मात्र एक अल्लाहलाई पुजा गर्ने प्रतिबद्धता गर्नुहोस भन्ने मेरो ह्रिदयदेखि अनुरोध हो ।

# इस्लामका केही सुन्दरताहरू

﴿ٱلۡيَوۡمَ أَكۡمَلۡتُ لَكُمۡ دِينَكُمۡ وَأَتۡمَمۡتُ عَلَيۡكُمۡ نِعۡمَتِي
وَرَضِيتُ لَكُمُ ٱلۡإِسۡلَٰمَ دِينٗاۚ﴾ المائدة: ٣

# अल्लाहको रोजाई

इस्लामको सबै भन्दा ठूलो विशेषता के छ भने इस्लाम संसारको अन्य धर्म जस्तै मान्छेको हातबाट तयार पारिएको धर्म होइन बरू अल्लाहले माथिबाट रोजेर पठाउनु भएको धर्म हो । विश्वास लाग्दैन भने वेदपूराण लगायत बाइबलसम्म अध्यन गर्नुहोस् तर कुनै पानामा यो लेखेको पाउनु हुन्न कि सर्व शक्तिमान विधाताले रोजेको धर्म चाहिँ हिन्दू हो वा क्रिश्चन तर कुरआन पढ्नुस स्पष्ट रूपमा लेखिएको छ कि अल्लाहले रोज्नु भएको धर्म मात्र इस्लाम हो । अल्लाहले भन्नु भएको छ :

﴿وَرَضِيتُ لَكُمُ ٱلْإِسْلَٰمَ دِينًا ۚ﴾

मैले तिमी सबैको लागि रोजेको धर्म चाहिँ इस्लाम हो [1] ।

हाम्रो विधाता सर्वशक्तिमान अल्लाह सर्वज्ञानी हुनु हुन्छ । उहाँको ज्ञान भनेको पूर्ण छ अतीतमा बितेका कुराहरू र भविष्यमा हुने हरेक कुराहरूलाई राम्ररी जान्नु हुन्छ । कुन समय र कुन युगमा के चाहिँ राम्रो र के नराम्रो उहाँबाहेक अरू कस्लाई थाहा हुन सक्छ । उस्तै सदा सदा र हरेक खालको मान्छेको लागि कुन धर्म र कुन तरिका उचित हुन्छ यो कुरा उहाँलाई राम्ररी थाहा

---

1) सूरतुल्-माइदा (५÷ 3) |

छ त्यसैले नै इस्लाम धर्मलाई सदासदाको लागि रोज्नु भएको छ । आज नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र को घोषणा भइसकेको छ । नयाँ नेपालको नयाँ संबिधान लागू हुने बित्तिकै अघिका संविधान आफै रद्द हुन्छ उस्तै इस्लामले आफू भन्दा अघिका हरेक धर्मलाई रद्द गरेको छ त्यसैले इस्लाम बाहेक अरू कुनै धर्म अल्लाहको दरबारमा स्वीकृत हुन सक्दैन । अल्लाहले आफै घोषणा गर्नु भएको छ :

﴿ إِنَّ ٱلدِّينَ عِندَ ٱللَّهِ ٱلْإِسْلَٰمُ ﴾ آل عمران: ١٩

धर्म भनेको मात्र इस्लाम नै हो [1] ।

र अर्को श्लोकमा अल्लाहले आफै भन्नु भएको छ :

﴿ وَمَن يَبْتَغِ غَيْرَ ٱلْإِسْلَٰمِ دِينًا فَلَن يُقْبَلَ مِنْهُ وَهُوَ فِى ٱلْءَاخِرَةِ مِنَ ٱلْخَٰسِرِينَ ٨٥ ﴾ آل عمران: ٨٥

इस्लामबाहेक अन्य धर्म मेरो दरबारमा स्वीकृत हुनेवाला छैन र जो इस्लामबाहेक अन्य धर्मलाई आत्मसात गर्छ उ प्रलयको जीवनमा क्षतिग्रस्त हुने छ [2] ।

---

1) सूरतु आलि-इमरान (३÷ 19) ।
2) सूरतु आलि-इमरान (३÷ 85)

# परिपूर्ण धर्म

आस्था र कर्मदेखि आधारभूत सिद्धांत, वैध-अवैध, लोक-प्रलोक, शरीर-आत्मा, ब्यवहारिक र भौतिक जीवनलाई सफल बनाउने हरेक कुरालाई इस्लामले पूरा गरेको छ । अल्लाह तआलाले अन्तिम दिब्यवाणी कुरआनमा आज भन्दा 1428 वर्ष अगाडि नै घोषणा गर्नु भएको छ :

﴿ٱلْيَوْمَ أَكْمَلْتُ لَكُمْ دِينَكُمْ وَأَتْمَمْتُ عَلَيْكُمْ نِعْمَتِي ۝٣﴾

आज मैले धर्मलाई पूरा गरेँ र धर्मको हैसियतले इस्लामलाई नै रोजिसकेँ [1] ।

इस्लामको रात पनि दिन जस्तै उज्यालो छ । भक्त र मालिक र मानवबीचको सम्बन्ध लगायत जन्मिनुदेखि मृत्युसम्म खानु पीउनु सुत्नु, ब्यूझनु, बरविवाह, सम्बन्ध विच्छेद, सम्भोग र दिसापिसाब गर्ने तरिकासम्म पूर्णरूपमा प्रष्ट पारेको छ । इस्लाम अति पूर्ण छ कि यो हुँदाहुँदै कुनै अर्को धर्मको खाँचो छैन । इस्लामले वैध गरेको कुरा वैध र अवैध गरेको कुरा अवैध हो ।

---

[1]) सूरतुल्-माइदा (५÷ ३) ।

# विश्वब्यापी धर्म

इस्लामधर्मको अर्को विशेषता के छ भने त्यो हरेक युग, ठाउँ, वर्ग र जातपातको लागि १00 प्रतिशत उचित रहेको छ । अल्लाह तआलाले आफ्नो ग्रन्थ कुरआनको धेरै जसो ठाउँमा **मुहम्मद (सल्लल्लाहुअलैहि वसल्लम)** लाई विश्वब्यापी रसूल र सन्देष्टा घोषित गर्नु भएको छः

﴿ وَمَآ أَرۡسَلۡنَٰكَ إِلَّا كَآفَّةً لِّلنَّاسِ بَشِيرًا وَنَذِيرًا وَلَٰكِنَّ أَكۡثَرَ ٱلنَّاسِ لَا يَعۡلَمُونَ ۝٢٨ ﴾ سبأ: ٢٨

मैले तिमीलाई पुरै विश्वकै लागि अन्तिम सन्देष्टा बनाएर पठाएको छु तर धेरै मान्छे उहाँलाई चिन्दैन [1] । दूतवाणीमा पनि उहाँले आफूलाई विश्वब्यापी रसूल भन्नु भएको छ :

أُعْطِيتُ خَمْسًا لَمْ يُعْطَهُنَّ أَحَدٌ قَبْلِي كَانَ كُلُّ نَبِيٍّ يُبْعَثُ إِلَى قَوْمِهِ خَاصَّةً وَبُعِثْتُ إِلَى كُلِّ أَحْمَرَ وَأَسْوَدَ( مسلم)

अल्लाहले मलाई **5** यस्ता खुबी दिनुभएको छ जो म बाहेक कुनै दूतलाई प्राप्त भएन । म भन्दा पहिलो जति

---

1) सूरतुस्सबा (३४÷२८) ।

पनि रसूल आए तिनीहरू सिमित भाषा, खास वर्ग र समुदायको लागि मात्र थिए तर अल्लाह तआलाले मलाई गोरो कालो हरेक बर्गको लागि विश्वब्यापी रसूल बनएर पठाउनु भएको छ [1] । यसैगरि उहाँमाथि अवतरित ग्रन्थ कुरआनलाई पनि **विश्वब्यापी** घोषित गरिएको छ । अल्लाह भन्नु हुन्छ :

﴿ شَهْرُ رَمَضَانَ ٱلَّذِىٓ أُنزِلَ فِيهِ ٱلْقُرْءَانُ هُدًى لِّلنَّاسِ وَبَيِّنَٰتٍ مِّنَ ٱلْهُدَىٰ وَٱلْفُرْقَانِ ﴾ البقرة: ١٨٥

रमजान महिनामा नै कुरआनको अवतरन भयो जो गोरो कालो र हरेक जातबर्गको लागि मार्गदर्शन र सफलताको गोरेटो हो [2] ।

अल्लाहले पवित्र ग्रन्थ कुरआन र सन्देष्टा मुहम्मदलाई मात्र मुस्लिम वा अरबीको लागि हैन बरू हरेक बर्गको लागि मार्गदर्शक भनेर पठाउनु भएको छ । अतः इस्लाम धर्मको सिद्धांत, पूजा उपासना, नियम कानून चाहिं सदा सदा र हिन्दु मुस्लिम सिख ईसाई हरेक धर्मालम्बीको निम्ती पठाईएको छ त्यसैले इस्लामलाई मात्र मुस्लिमको धर्म ठानी स्वीकार नगर्नु मुर्खता हो। स्वर्ग

---

1) मुस्लिम ।

2) सूरतुल्-बकारा (२÷१८५) ।

पाउनको लागि एक मात्र सफलताको गोरेटो इस्लामलाई आत्मसात् गर्नुहोस् नत्र पछि पछुताउनु पर्ने छ ।

# विश्वब्यापी भाईचारा

इस्लामको अर्को ठूलो विशेषता के छ भने कि इस्लाम विश्वब्यापी भाइचारा र समानता प्रस्तुत गर्दछ । गोरोकालो, बंशखान्दान, भाषा, जातबर्ग र विकसित देश र प्रशस्त रूपैया पैसाको आधारमा कसैलाई अपमान गर्नु वा मान्छेलाई ठूलोस्यानोमा विभाजन गर्नु मिल्दैन भन्ने इस्लामले घोषणा गरेको छ । यदि मसँग प्रशस्त बैंकबैलेन्स छैन, विदेशी मोटरगाडी छैन, भब्य आलीशानमहल छैन, पापी समाजको नजरमा दलित र गरीबको घरमा जन्म पाएँको छु त्यो कारणले मलाई हेला गर्नु र छुवा छूतको भावना सृजना गरी मैले पजास्थलमा प्रवेश न पाउनु यो कहाँ र कुन ग्रन्थमा लेखिएको छ । यदि कुनै ग्रन्थमा त्यस्तो लेखिएको छ भने म त्यसलाई ग्रन्थ मान्दिनँ त्यो मात्र केही स्वार्थीहरूको चाल हो । ईश्वरको घरमा सबै समान हुन् तिनीहरूले आफ्नो स्वार्थको लागि मानव समाजलाई ४ भागमा विभाजन गरेका छन् जस्तै : बाहुन, श्रेत्री, ठाकुर, दलित र शुद्र । हो यस्ता खालका धारणा १०० प्रतिशत गलत हो भन्ने कुरा इस्लामले घोषणा गरेको छ । विश्वब्यापी भाइचारा र समानता प्रस्तुत गर्दछ । अल्लाह भन्नु हुन्छ :

﴿ يَٰٓأَيُّهَا ٱلنَّاسُ إِنَّا خَلَقۡنَٰكُم مِّن ذَكَرٖ وَأُنثَىٰ وَجَعَلۡنَٰكُمۡ شُعُوبٗا وَقَبَآئِلَ لِتَعَارَفُوٓاْۚ إِنَّ
أَكۡرَمَكُمۡ عِندَ ٱللَّهِ أَتۡقَىٰكُمۡۚ إِنَّ ٱللَّهَ عَلِيمٌ خَبِيرٞ ﴿١٣﴾ ﴾ الحجرات: ١٣

हे मनुष्यहरू! मैले सम्पूर्ण मनुष्यलाई एउटै नर र नारीबाट जन्म दिएको छु र मात्र चिनजानको लागि विभिन्न रंगरूप, अग्लो होचो, गोरो कालो र धेरैजसो राष्ट्रमा बाँडेको छु, सुन ! तिमीहरूमध्ये जो मसित डराउँछ र मात्र मेरो पूजा उपासना गर्छ भने त्यो नै सबै भन्दा राम्रो मान्छे हो वास्तवमा अल्लाह चाहिँ हरेक कुरालाई राम्री जान्नु हुन्छ [1] ।

इस्लामको नजरमा सबै मनुष्य समान हुन् किनकि सबै मनुष्य चाहे त्यो गोरो होस् वा कालो, धनी होस् वा गरीब, राजा होस् वा प्रजा, विकसित देशको होस् वा पिछडिएको मुलुकको, लोग्ने होस वा स्वास्नी सबै एउटै आमाबुवाका सन्तान हुन् र एउटै आमाबुवाको सन्तानमा ठूलोस्यानो र तलमाथि हुन सक्छ ? अँ प्राथमिकताको एउटै आधार छ जसलाई अरबी भाषामा **तकवा** भनिन्छ जो मात्र कर्म र धर्ममाथि निर्भर छ जुन सुकै मान्छे संयमी छन् प्रभुको तरिकानुसार सत्कर्म गरि रहेका छन् त्यो नै सबै भन्दा ठूलो हो चाहे त्यो समाजका पहरेदार र ठेकेदारहरूको नजरमा दुई कौडीको मान्छे किन नहोस्

[1]) सूरतुल्-हुजरात (४९÷१३) ।

अथवा सबैभन्दा तल्लो जातको कालो नराम्रो किन नहोस् ।

विकसित मुलुकहरू चन्द्रमामाथि पाइला टेक्नमा सफल भएका छन् तथा विभिन्न प्रकारका अनौठो सामाग्रीहरू आविष्कार गरेका छन् तर मानवसमाजमा ब्यापक गोरोकालो र जातबर्गको रूढीवादीबाट मुक्ति दिलाउनमा सफल भएका छैनन् । अतः त्यसको असल ओखती मात्र इस्लाम धर्मसँग छ नपत्याए सुन्नु होस् अन्तिम रसूल **मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम)** ले आज भन्दा 1400 वर्ष अघि नै त्यसलाई जरैदेखि निर्मुल पार्नुभएको छ र मात्र मुखले होइन ब्यवहारिक रूपमा पूरा गरेर देखाउनु भएको छ ।

जुन समाजमा उहाँको उत्पत्ति भयो त्यसमा पनि जातपात भाषा र बर्गको रोगले समातेको थियो तर उहाँले आफ्नो अनुपम ब्यवहारले त्यसलाई सदा सदाको लागि समाप्त पार्नु भयो ।

हज भनेको मुस्लिमहरूको वार्षिक ठूलो चाड हो जसमा पूरै विश्वकै कुनाकप्चाबाट ३0 देखि ४0 लाखस्म्म नरनारीको सहभागिता रहेको हुन्छ राजादेखि प्रजासम्म हरेक जातबर्ग, ठूलोसानो र गोरोकालोको उपस्थिति हुन्छ तर हजको सुरूवातदेखि अन्तसम्म सबै लोग्ने हाजीले लगाउने लुगा, त्यसको रंग, पढिने मन्त्र र

१० दिनसम्म अर्थात हज समाप्त नहुन्जेल सबैले गर्नु पर्ने उपासना आदि सबै कुरा समान रहेको हुन्छन् । चाहे त्यो जुन सुकै देशको होस अथवा पूरै विश्वको सबै भन्दा ठूलो सम्राट किन नहोस् । छुवाछुत, भेदभाव र सानो ठूलोको भावना पनि हुँदैन । यदि विश्वको सबै भन्दा ठूलो सम्राटले पनि इस्लाम स्वीकार गर्छ र हजमा सामिल हुन चाहन्छ भने उसले पनि त्यही सेतो लुगा लगाउनु पर्छ । विश्वब्यापी समानता र भाइचारा ओगटेको हजको प्रत्यक्ष प्रशारणलाई यहाँहरू पनि टेलीभिजनद्वारा हेर्न सक्नु हुनेछ । यसै हजको शुभ अवसरमा मुहम्मद साहेबले घोषणा गर्नु भयो :

हे मनुष्यहरू! तिमीहरूको प्रभु एउटै हो । तिमीहरूको प्रथम पिता भनेको एउटै हो त्यसैले कुनै अरबीले गैर अरबीमाथि, गोरोले कालोमाथि वा त्यसको विपरितले अर्कोमाथि कुनै प्राथमिकता र प्रधानता छैन, छ भने त्यो मात्र तकवा ( ) को आधारमा छ (हदीस) ।

उस्तै दिनरातमा ५ पटक पढिने सलाःमा हेर्नुहोस् कसैले पनि कसैलाई जातबर्गको नाममा हेला गर्नु वा ठूलोस्यानो भन्नु मिल्दैन बरू सबै दाजुभाइ जस्तै एकै पंक्तिमा काँधा र गोडा मिलाएर सलाः पढ्छन् ।

# इस्लाम

## मान्छेको मौलिक हक अधिकार (गाँस,बास,कपास, जिउधन, शिक्षा स्वास्थ्य र ईज्जत) को प्रत्याभूति प्रदान गर्दछ ।

# ज्यानको सुरक्षाको प्रत्याभूति

इस्लामिक राष्ट्रमा बस्ने हरेक नागरिक चाहे त्यो मुस्लिम होस् वा गैर-मुस्लिम त्यही मुलुकको नागरिक होस वा बाहिरबाट आएको कामदार उसको जिउधनको सुरक्षा इस्लामले प्रदान गर्दछ । त्यसैले हत्या, हिंसा आदिलाई मात्र अवैध होइन बरू ठूलो पापको सूचीमा राखेको छ र हत्यारालाई कडा भन्दा कडा मृत्यूडण्डको सजाय तोकेको छ जसलाई अरबीमा '**किसास**' भनिन्छ । अल्लाह तआला त्यसै सम्बन्धी कुरआनमा भन्नु हुन्छ :

﴿ وَلَكُمْ فِي ٱلْقِصَاصِ حَيَوٰةٌ ﴾ البقرة: ١٧٩

'**किसास**' अथवा मृत्यूडण्डको सजाय लागू गरेमा नै तिमीहरूको जीवन सुरक्षित छ [1]।

वास्तवमा '**किसास**' अथवा मृत्यूडण्डको सजाय देशमा लागू भए पछि राजादेखि प्रजासम्म हरेक नागरिकको जिउधन सुरक्षित हुन्छ विश्वास हुँदैन भने साउदी अरबको निजामलाई हेर्नुहोस् । जहाँ हत्या र हिंसा १ प्रतिशत भन्दा कम छ किनकि जब हत्यारालाई यो थाहा हुन्छ कि बदलामा उसको पनि हत्या हुनेछ भने

---

[1]) सूरतुल्-बकरह (२÷१७८) ।

उसले कसैको ज्यान लिनु भन्दा पहिले एक पटक मात्र होइन उसले बारम्बार यो कुरा सोच्नु पर्छ र अन्तयमा आफ्नो ज्यान लगायत अर्काको ज्यानलाई पनि जोगाउँछ।

इस्लामको नजरमा हरेक नगरिकको ज्यान कति महत्वपूर्ण रहेको छ त्यो कुरआनको निम्न श्लोकले अनुमान गर्न सकिन्छ :

﴿أَنَّهُۥ مَن قَتَلَ نَفۡسَۢا بِغَيۡرِ نَفۡسٍ أَوۡ فَسَادٖ فِي ٱلۡأَرۡضِ فَكَأَنَّمَا قَتَلَ ٱلنَّاسَ جَمِيعٗا وَمَنۡ أَحۡيَاهَا فَكَأَنَّمَآ أَحۡيَا ٱلنَّاسَ﴾ المائدة: ٣٢

जसले बिनसित्तिमा एउटा नागरिकको हत्या गर्यो भने उसले पूरै मानव समाजको हत्या गर्यो र जसले एउटा ज्यान जोगायो उसले समस्त मनुष्यको ज्यान जोगायो [1] ।

अतः इस्लाम आफ्नो नागरिकको जिउधनको सुरक्षाको लागि निकै अनुपम र उत्तम नियम लागू गरेको छ जो इस्लामबाहेक अन्य धर्ममा छदैछैन । हाम्रो मातृभूंमि नेपालमा पनि त्यस्तो नियम लागू भई दिएको भए स्वर्गीय राजा बिरेन्द्रदेखि एउटा सानो प्रजासम्म कसैको पनि नाहक हत्या हुने थिएन ।

[1]) सूरतुल्-माईदा (५ ÷३२) ।

# धनको सुरक्षाको प्रत्याभूति

मान्छेको जीवनमा धनसम्पत्तिले कति महत्वपूर्ण भुमिका खेलेको छ त्यो चाहिँ हामीलाई थाहा नै छ त्यही गाँस-बासको कारणले गर्दा हामी स्वदेशीहरू आमाबुवा घरपरिवारको माया मारी सात समुद्रपार एकदम चर्किलो घाममा जोखिमपूर्ण काम गर्न विवश भएका छौं । रगत पसीनाले कमाएको पैसा कुनै चोर र डाका□ारा लुटिन्छ भने हाम्रो मुटुमाथि कतिको असर पार्छ ? पैसा हुँदाहुँदै बिचल्ली भएमा कत्रो पीर पर्छ । त्यसैले डाका, चोरी, लुटपाट, सर्वसाधारणबाट जबरजस्ती चन्दा वसुली आदिलाई इस्लामले ठूलो पापको सूचीमा राखेर त्यसको सूरक्षाको प्रत्याभूति दिएको छ । अल्लाह तआला भन्नु हुन्छ :

﴿ وَٱلسَّارِقُ وَٱلسَّارِقَةُ فَٱقْطَعُوٓاْ أَيْدِيَهُمَا جَزَآءَۢ بِمَا كَسَبَا ﴾ المائدة: ٣٨

चोरको हात काटि देउ चाहे त्यो लोग्ने मान्छे होस् वा स्वास्नी मान्छे यो चाहिं उसको कर्मको प्रतिफल हो [1] ।

---

1) सूरतुल्माइदा (५÷३८) ।

इस्लामले यो कडा नियम लागू गरि एउटा सर्वसाधारण नागरिकको जिउसँग उसको धन सम्पत्तिको पनि सुरक्षाको ठूलो ब्यवस्था गरेको छ किनकि चोरले अर्काको रगतपसीनाको कमाई चोरी गर्नु भन्दा पूर्व एक दुई पटक होइन बरू १00 चोटि सोच्नु पर्छ अनि आफ्नो हात लगायत अरूको धनसम्पत्तिलाई पनि जोगाउछ ।

शायद यहाँहरूलाई अनौठो लागेको होला कि साउदीमा थुप्रै मान्छेहरूको हात काटिएको होला तर वास्तविकता त्यस्तो होइन किनकि मान्छे डरले चोरी गर्दैन बरू त्यहाँ यत्रो शान्ति छ कि बाटोमा एक्लै हिंड्ने आइमाईलाई पनि कोही आँखा गडदैनन् । त्यहाँको कामदारको खल्तीमा के कति पैसा छ कसैले पनि सोधदैन। सूनचाँदीका ठूलठूला पसलमा आजसम्म कहिल्यै पनि डाका लागेको वा लुटिएको खबर सुनिएको छैन किनकि इस्लामले आफ्नो राष्ट्र र त्यसमा बसने हरेक नागरिकको जिउधन र इज्जतको सुरक्षाको प्रत्याभूति प्रदान गरेको छ किनकि इस्लामको नियम सर्वशक्तिमान विधाताको हातबाट तयार पारिएको छ । सक्कली र नक्कलीमा फरक त अवश्य नै हुनु पर्छ ।

# इज्जतको सुरक्षाको प्रत्याभूति

इज्जत र स्वाभिमान भनेको मान्छेको अन्मोल सम्पत्ति हो त्यसमा दाग लाग्यो भने त्यो कहिले पनि मेटिंदैन त्यस्तो इज्जतलाई इस्लामले जोगाउन प्रत्याभूति दिएको छ । त्यसमा धब्बा लगाउने हरेक साधन जस्तै व्यभिचार, बलात्कार,यौनदुराचार, बालमैथुन होमोसेक्स केटाकेटीको मिश्रित शिक्षा प्रणाली, नाचगान, कैसिनो डिस्को, तरूणातरूणीको प्रेमवार्तालाप आदि हरेक साधनलाई अवैध घोषित गरेको छ । छोरीमान्छेको इज्जतलाई जोगाउने हेतु इस्लामले आरोपीमाथि करवाही गर्ने अनि उसलाई 80 कोर्रा लगाउने आदेश दिएको छ ।

﴿ وَٱلَّذِينَ يَرۡمُونَ ٱلۡمُحۡصَنَٰتِ ثُمَّ لَمۡ يَأۡتُواْ بِأَرۡبَعَةِ شُهَدَآءَ فَٱجۡلِدُوهُمۡ ثَمَٰنِينَ جَلۡدَةٗ وَلَا تَقۡبَلُواْ لَهُمۡ شَهَٰدَةً ﴾ النور: ٤

जो निष्कलंक आइमाईमाथि झुठो आरोप लगाउँछ अनि 4 प्रत्यक्षदर्शी गवाह प्रस्तुत गर्दैन भने उसलाई 80 कोर्रा लगाउ र कहिल्यै पनि उसको गवाही स्वीकृत नगर [1] ।

कडा नियम लगाएर इस्लामले तिनीहरूको इज्जतलाई जोगाएको छ ।

---

[1]) सूरतुन्नूर (२४/ ४) ।

# बंशको सुरक्षाको प्रत्याभूति

इस्लामको अर्को विशेषता के छ भने इस्लामले आफ्नो असल बंशको सुरक्षाको प्रत्याभूति प्रदान गर्दछ । बंशको सुरक्षाको निम्ती नै इस्लामले **'जेना'** अथवा अवैध सम्भोग, व्यभिचार,कामुत्तेजक आवाज,अर्धना ो पहिरन, कामुत्तेजक हेराई, केटा केटीको गलत भेटवार्तालाप, ब्वाईफरेन्ड गर्ल-फरेन्ड, मायाको नाटक गरी केटी मान्छेको इज्जतसँग खेलवाड गर्ने हरेक साधानलाई अवैध गरेको छ । किनकि छाडा छाड्दियो भने बंशमा मिश्रण हुन सक्छ । आफ्नै पत्नीबाट परायोको छोराछोरी पनि जन्मिन सक्छ त्यसैले **'जेना'** अथवा अवैध सम्भोग गर्नेहरूलाई कठोर नियम लागु गरेको छ ।

﴿ ٱلزَّانِيَةُ وَٱلزَّانِي فَٱجْلِدُوا۟ كُلَّ وَٰحِدٍ مِّنْهُمَا مِا۟ئَةَ جَلْدَةٍ ﴾ النور: ٢

अविवाहित केटाकेटी अवैध यौन सम्बन्ध कायम गर्छ भने तिनीहरूलाई सार्वजनिक ठाउँमा 100 कोर्रा लगाउ[1] ।

उक्त सजाय घोषित गरेर इस्लामले बंशलाई सुरक्षा प्रदान गरेको छ ।

---

[1]) सूरतुन्नूर (२४/ २) ।

# दिमागको सुरक्षाको प्रत्याभूति

इस्लामको अर्को विशेषता के छ भने कि जिउधन इज्जत र बंशसँग हाम्रो मन र मष्तिकलाई पनि सुरक्षा प्रदान गर्दछ र त्यसमाथि असर पार्ने हरेक खालको नशालू पदार्थ, मदिरा, दारू, लागू औषधी, गाँजा, भांग धतुरालाई अवैध गरेको छ :

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ إِنَّمَا ٱلْخَمْرُ وَٱلْمَيْسِرُ وَٱلْأَنصَابُ وَٱلْأَزْلَٰمُ رِجْسٌ مِّنْ عَمَلِ ٱلشَّيْطَٰنِ فَٱجْتَنِبُوهُ لَعَلَّكُمْ تُفْلِحُونَ ﴿٩٠﴾ ﴾ المائدة: ٩٠

मन र मष्तिश्कलाई खराब पार्ने हरेक नशालु पदार्थ अवैध हो [1] । त्यस्तै हजुरले दूतवाणीमा भन्नु भएको छ :

كُلُّ مُسْكِرٍ حَرَامٌ (بخاري)

हरेक खालको नशालू पदार्थ अवैध हो [2] ।

अवैध मात्र होइन बरू त्यसलाई व्यवहारिक रूपमा पालना गराउनको लागि समस्त पापको जरो समेत घोषित गरेको छ । अनि जडयाहालाई 80 कोर्रा लगाउने आदेश दिएको छ जो अरू मानिस र गाउँलेहरूको लागि पाठ पनि हुनेछ ।

---

[1]) सूरतुल्-माईदा (५÷९० ) ।
[2]) बुखारी ।

# प्राकृतिक धर्म

इस्लामको अर्को विशेषता के छ भने इस्लाम प्राकृतिक धर्म हो। इस्लामको कुनै पनि नियम र सिद्धांत प्राकृतिक र मानवताको विरूधमा छैन बरू इस्लामका सम्पूर्ण नियमहरू हरेक मान्छे र विश्वकै जनताको लागि पूर्णरूपमा उचित रहेको छ। इस्लामको एउटा कुरा पनि विवेकताको विपरित जान सक्दैन। हरेक मनुष्यको लागि सुहाउने धर्म चाहिँ इस्लाम नै हो। जति पनि पवित्र र लाभान्वित कुराहरू छन् सबैलाई इस्लामले वैध गरेको छ र हानिकारक वस्तुलाई नागरिकको सुस्वास्थ्यको लागि अवैध गरेको छ। इस्लामले कसैलाई पनि उसले पाउनु हुने हक र अधिकारबाट बन्चित गरेको छैन र कसैलाई हक भन्दा बढी दिएको पनि छैन बरू यस्तो चोखो नियम छ जो धनीगरीब, राजाप्रजा, ठूलोस्यानो, आफ्नो बिरानो, छरछिमेकी, साथीभाई, गुरूचेला, जवानवृद्धा लोग्ने- स्वास्नी हरेक मान्छेको लागि एकदम उचित रहेको छ।

दुनियाँमा जति बच्चाको जन्म हुन्छ ती सबै चाहिं प्राकृतिक (इस्लाम) मा नै जन्म लिन्छन् प्रमाणस्वरूप मुहम्मद सल्लल्लाहु अलैहिवसल्लमको दूतवाणीमा छ :

**مَا مِنْ مَوْلُودٍ إِلَّا يُولَدُ عَلَى الْفِطْرَةِ فَأَبَوَاهُ يُهَوِّدَانِهِ أَوْ يُنَصِّرَانِهِ أَوْ يُمَجِّسَانِهِ كَمَا تُنْتَجُ الْبَهِيمَةُ بَهِيمَةً جَمْعَاءَ هَلْ تُحِسُّونَ فِيهَا مِنْ جَدْعَاءَ ثُمَّ يَقُولُ أَبُو هُرَيْرَةَ رَضِيَ اللَّهُ عَنْهُ { فِطْرَةَ اللَّهِ الَّتِي فَطَرَ النَّاسَ عَلَيْهَا } (بخاري)**

दुनियाँमा जन्म लिने हरेक बच्चा चाहिँ (फितरत) अथवा इस्लाममा नै जन्म लिन्छ तर आमाबुवा यहुदी छन् भने यहुदी, क्रिश्चन छ भने क्रिश्चन वा (मजुसी) आगो र मूर्तिपूजक छ भने आफू जस्तै मूर्तिपूजकमा परिवर्तन गरि दिन्छ .....[1] ।

वास्तवमा हरेक बच्चा मुस्लिम (इश्वरको सही आज्ञापालक) भएर नै जन्म लिन्छ । तर आमाबुवा र समाजले आफूले बोकेको गलत संस्कारले ती अबोध बालबालिकालाई गलत स्वरूप दिन्छन् । यसको ठुलो प्रमाण के छ भने यदि बच्चालाई आजाद छाडियो भने त्यो ठूलो भएर बिना कुनै बाध्यता प्रकृतिक अनुसार इस्लाम धर्मलाई नै आत्मसात गर्नेछ र जसरी संसारका हरेक वस्तु मुस्लिम अथवा आफ्नो असल मालिक अल्लाहको आदेशको पालना गरिरहेका छन् त्यस्तै ती बच्चाहरू जन्मजात नै मुस्लिम बनेर जीवन निर्वाह गर्ने छन् ।

---

[1]) बुखारी ।

# सजिलो धर्म

इस्लाम धेरै सजिलो र सोझो धर्म हो पूरै विश्वमै यो भन्दा बढी सजिलो अरू कुनै धर्म छैन । मान्छेले गर्न नसक्ने कुनै पनि कुरालाई इस्लामले अनिवार्य गरेको छैन । अल्लाह तआला कुरआनमा भन्नु हुन्छ :

﴿ لَا يُكَلِّفُ ٱللَّهُ نَفْسًا إِلَّا وُسْعَهَا ﴾ البقرة: ٢٨٦

उहाँ (अल्लाह) चाहिँ कुनै पनि जिउलाई उसको शक्ति भन्दा बढी भारी बोकउनु हुन्न [1] । त्यस्तै बर्तलाई अनिवार्य गर्दै अल्लाह भन्नु हुन्छ :

﴿ يُرِيدُ ٱللَّهُ بِكُمُ ٱلْيُسْرَ وَلَا يُرِيدُ بِكُمُ ٱلْعُسْرَ ﴾ البقرة: ١٨٥

उहाँ चाहिँ तिमीहरूलाई अप्ठ्यारोमा पार्न चाहनु हुन्न [2] बरू उहाँले वाजिब र अनिवार्य कुरामा छुट दिनुभएको छ :

**१) २४ घन्टामा मात्र ५पटक सलाः** पढ्नु पर्दछ र एउटा सलाःमा १० मिनेट जति समय लाग्छ । हामी आफ्नो घरपरिवारको लागि 12 घन्टासम्म उभिएर चर्किलो

---

[1]) सूरतुल्- बकारा (२÷ २८६) ।
[2]) सूरतुल्- बकारा (२÷ १८५) ।

घाममा काम गर्न सक्छौं भने के आफ्नो प्रभुको लागि 1 घन्टा पनि समय निकाल्न सक्दैनौं ।

**२) सलाः पूर्व पानीले चोखो हुनु** पर्छ यदि रोगीलाई पानी हानिकारक छ भने त्यसको वैकल्पिक हल माटोले (तयम्मुम) चोखो हुने आदेश दिएको छ ।

**३) सलाः उभेर पढ्नु पर्छ यदि उभिएर** पढ्ने शक्ति छैन भने बसेर त्यो पनि असंभव छ भने सुतेर सलाः पढ्न सकिन्छ ।

**४) यात्रामा रहुन्जेल ४ रकातको सलाःलाई मात्र दुई पढ्ने र दुई** समयको सलाःलाई एकै समयमा जम्मा गरी पढ्ने छुट दिइएको छ ।

**५) ८५ ग्रा. सुन वा त्यत्ति बराबरको रकम** भएमा **२.५** को दरले धनीले गरीबगुरूवालाई (जकात) दान दिनु पर्छ त्यो भन्दा कम छ भन्ने दिनु पर्दैन ।

**६) वर्षमा मात्र एक महिना बर्त** बस्नु पर्छ र ११ महिना छुट दिएको छ ।

**७) जीवनमा १चोटि मात्र धनाढ्यले हज** गर्नु पर्छ ।

अतः इस्लामले मान्छेको क्षमता विपरीत कुनै आदेश दिएको छैन । त्यसमा पनि कुनै वाजिबलाई बिर्सियो भने पाप लाग्दैन अँ सम्झना हुने बित्तिकै त्यो गर्नु पर्छ ।

# स्वर्ण बाटो

इस्लामको अर्को गुण के छ भने कि जीवनको हरेक गोरेटोमा अधिक्तम र न्यूनतमको बीचमा रहेको असलबाटो अपनाउने आदेश दिएको छ। नत आवश्कता भन्दा बढी खर्च गर्नु नत धेरै कन्जुसी गर्नु बरू बीचको मध्यबाटो आपनाउने आदेश दिएको छ। आफ्नो घरपरिवारको ख्यालै नगरि दिनभरि माला जपनु वा त्यसको विपरीत दुनियाँमा अति ब्यस्त रहनु र प्रभुलाई बिर्सनु दुवैलाई अवैध गरेको छ। पुजाको समयमा पुजा र घरपरिवारको समयमा आफ्नो शरीर लगयात बालबालिका र स्वास्नी हरेकको हक अदा गर्ने आदेश दिएको छ। दिनमा जीविका निर्वाह गर्ने गाँसको व्यवस्था गर्नु र रातमा आराम गर्नु इस्लामको सन्देश हो। अल्लाहले मुस्लिमलाई (वसत) नत बढी र नत कम बरू दुवैको मध्य वर्गमा रहेको उपाधि दिनु भएको छ :

﴿ وَكَذَٰلِكَ جَعَلْنَٰكُمْ أُمَّةً وَسَطًا ﴾ البقرة: ١٤٣

हामीले तिमीहरूलाई (वसत)मध्य समुदाय बनाएका छौं [1]।

त्यस्तै रसूल ﷺ ले सधै बीच्चको बाटो अपनाउने आदेश दिनु भएको छ।

---

[1]) सूरतुल्- बकारा (२÷ १४३)।

# सन्नयास र इस्लाम

अनन्त कालको सुखमय जीवनलाई सपार्नको लागि **जैन,** बौद्ध र हिन्दू धर्म लगायत धेरै जसो धर्मले भौतिक सुख, बिहेबारी, घरगृहस्थी र जायज आनन्दलाई पनि अवैधको सूचीमा राखेको छ।

❁ **जैनधर्मको अभिन्न अ,** भनेको बर्हम्चार्य हो। उक्त धर्मको ठूलो स्वामी महावीरले ब्रहम्चर्यको यस्तो उदाहरण प्रस्तुत गर्यो कि उहाँको जिउमाथि लुगा नामको एउटा टुक्रा पनि थिएन त्यसैले आज पनि जैन धर्मावीलम्बीहरु ना॑ बस्न रूचाउँछन्।

❁ **बौद्धधर्मको स्थापक र प्र**वर्तक महात्मा गौतमबुद्धले पनि भौतिक सुख, आनन्द आमाबुवाको माया र राजगद्दीलाई छाडेर जंगलमा बसेका थिए।

❁ **हिन्दू धर्ममा चौथो आश्रम** भनेको सन्नयास लिनु हो र भौतिक सुखबाट आफूलाई बन्चित गर्नु हो त्यसैले धार्मिक गुरूहरू ईश्वरमा समर्पित हुनको लागि घरमा बस्दैनन् बरू आश्रम, सुनसान मन्दिर र जंगलआदिमा बसन रूचाउँछन्।

❁ **क्रिश्चन धर्ममा** पनि धर्मगुरूले घरजम गर्नु मिल्दैन भन्ने आस्था रहेको छ।

**तर इस्लामले स्वर्ग** पाउनको लागि भौतिक सुख र जायज आनन्दबाट बन्चित गर्दैन बरू जायज खुसी र आनन्द नलिनु र सधैं माला जपेर बस्नुलाई पाप घोषित गरेको छ । अल्लाह भन्नु हुन्छ :

﴿ وَٱبۡتَغِ فِيمَآ ءَاتَىٰكَ ٱللَّهُ ٱلدَّارَ ٱلۡأٓخِرَةَۖ وَلَا تَنسَ نَصِيبَكَ مِنَ ٱلدُّنۡيَاۖ ﴾ القصص: ٧٧

स्वर्गको तयारी गर तर यो दुनियाँको जायज र वैध आनन्दबाट आफूलाई बन्चित न गर [1] ।

किनकि इस्लाम प्राकृतिक धर्म हो त्यसले आत्मासँगै शरीरको आवश्यकताको पनि ख्याल गरेको छ यदि हामी शरीरको चाहनाको विपरित गर्छौं भने गाउँ समाज तथा पूज्यस्थलसम्म विकृतिको जन्म हुन सक्छ शायद त्यसैले होला कि आज युरोपको धेरै जसो क्रिश्चनको चर्चमा व्यभिचारी र होमोसेक्सले जरो गारेको छ । मान्छेले पवित्र ठानेको मन्दिरमा बालमैथुन र बलात्कार जस्ता अमानवीय घटनाहरू घटि रहेका छन् किनकि तिनीहरूले ब्रहम्चार्य बनी प्रकृतिकसँग बगावत गरिएका छन् । त्यो विकृतिको असल औषधी र समाधान मात्र इस्लाम हो ।

---

[1]) सूरतुल्-कसस (२८÷७७) ।

# न्याय-अन्याय

निष्पक्ष न्याय र निसाफमाथि इस्लामले धेरै जोर दिएको छ अनि हरेक प्रकारको अन्याय, शोषण र यातनाबाट एकदम रोकेको छ । अल्लाह तआला भन्नु हुन्छ :

﴿لَا تَظۡلِمُونَ وَلَا تُظۡلَمُونَ ٢٧٩﴾ البقرة: ٢٧٩

कसैमाथि तिमी अन्याय नगर र कसैले तिमीमाथि पनि अन्याय नगरून्[1] ।

डाका डाल्नु, सर्वसाधारनको नाहक हत्या गर्नु, धनसम्पत्ति लुटनु मात्र अन्याय होइन बरू मान्छेले पाउनु हुने जायज हक र अधिकारबाट बन्चित गराउनु वा उसको फायदामा बाधा बन्नु पनि ठूलो अन्याय हो । इस्लामले पूरै मनुष्यलाई समान अधिकार दिएको छ किनकि असलमा सबै एउटै आमा-बुवाका सन्तान हुन् आफ्नो हुनर, सीप अनुसार खुशी र भौतिक सुख प्राप्त गर्नु हरेक मान्छेको जन्मजात अधिकार हो त्यसलाई कसैले खोस्न सक्दैन यहाँसम्म कि नोकरचाकरसँग राम्रो व्यवहार गर्नु इस्लामको आदेश रहेको छ ।

---

1) सूरतुल्-बकारह (२÷२७९) ।

# मजदूर कसैको गुलाम हैन

इस्लामको अर्को गुण के छ भने जुन नोकर चाकर र मजदूरलाई हाम्रो समाजमा हेला गरिन्छ उसलाई दुई छाक राम्ररी खाना र लगाउन पनि दिंदैनन् तर त्यस्लाई इस्लामले इज्जत दिएको छ किनकि उ पनि हामी जस्तै हाड र मासुले बनेको मान्छे हो । यो संसारलाई चलाउनको लागि धनी र गरीबको मात्र विभाजन हो नत्र मानवताको नाताले दुवैमा केही फरक छैन । मजदूरको बारेमा इस्लामको धारणा के छ भने उ कसैको गुलाम हैन त्यसैले हरेक मान्छे आजाद तरिकाले जहाँ भए पनि काम गर्न सक्छ कोही त्यसलाइ बँधुवा मजदूरीमा विवश गर्न सक्दैन वा उसको मर्जिको विपरीत काम पनि लिन सक्दैन दूतवाणीमा छ :

أَعْطُوا الْأَجِيرَ أَجْرَهُ قَبْلَ أَنْ يَجِفَّ عَرَقُهُ (ابن ماجة)

मजदुरको पसीना सुक्नु भन्दा पहिले नै उसको मजदूरी देउ [1] । ❁ घरायसी काम गर्नेहरूलाई जे खान्छौ त्यही खुवाउ र जे लाउछौ त्यही लाउन देउ, समझौता अनुसार पूरा पूरा मजदूरी देउ अनि चाड पर्वमा रमाउन देउ भनेर इस्लामले आदेश दिएको छ ।

---

[1]) इब्ने माजा ।

# मायाको धर्म

सुख, शान्ति, माया र स्नेहको अर्को नाम नै इस्लाम धर्म हो किनकि इस्लामको सम्बन्ध मायालु महान अल्लाहसित गाँसिएको छ । उहाँ हामीलाई बिना कुनै भेदभाव कल्पनामा ल्याउन नसक्ने भन्दा पनि बढी माया गर्नु हुन्छ । उसैको मायाले गर्दा आज हामी बाँची रहेका छौं ।

इस्लामको सर्वश्रेष्ठ व्यक्ति भनेको **मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम)** हुनुहुन्छ उहाँलाई **अल्लाहले** साक्षात मायाको भंडार नै भन्नुभएको छ । उहाँले मायाको पाठ सिकाउदै भन्नु भलएको छ :

**الرَّاحِمُونَ يَرْحَمُهُمْ الرَّحْمَنُ ارْحَمُوا أَهْلَ الْأَرْضِ يَرْحَمْكُمْ مَنْ فِي السَّمَاءِ**

तिमीहरू भूइंमा बस्ने सम्पूर्ण प्राणीमाथि माया गर अल्लाह तिमीमाथि माथिबाट माया गर्छन् [1] । ۞ त्यसैले मुस्लिम ठूलोसानो, धनीगरीब, आफ्नो बिरानो, राम्रोनराम्रो हरेक खालको मान्छेसँग माया बाड्छन् र मात्र मनुष्य हैन बरू बनस्पति, जीवजन्तु, पशुपन्छी, कीडा फट्याङग्रा आदि सबैलाई माया गर्छन् । हिंसा र आतंकको यस धर्ममा कुनै पनि ठाउँ छैन ।

---

[1]) अबुदाउद ।

# जनावरसँगको माया

इस्लामको अन्मोल सम्पत्ती नै माया रहेको छ र यो मनुष्यमा मात्र सीमित छैन बरू निमुखा जनावर र निर्जीव वस्तुको मायाले ओतप्रोत छ । कुकुर जस्तो जनावरसँग पनि इस्लामले माया गर्ने आदेश दिएको छ र त्यसको तिर्खा मेटाएकोमा स्वर्गको शुभसूचना दिएको छ । दूतवाणी छ :

فِي كُلِّ كَبِدٍ رَطْبَةٍ أَجْرٌ (البخاري)

एउटी वेश्या आइमाइले साह्रै तिर्खा लागेको कुकुरलाई पानी खुवाएकी थिन् जसले गर्दा उनी स्वर्गकी हकदार भइन र अर्को आइमाइले बिरालोलाई बाँधेर राखिन् खाने कुरा पनि दिइनन् र आजाद पनि छाडिनन् जसले गर्दा उनी नर्कमा गइन् [1] ।

मात्र जनावर होइन बरू सार्वजनिक बाटोबाट काँडालाई हटाउनु पनि पुन्य छ । मायाको कारणले गर्दा नै इस्लामले जनावरलाई फलाम तताएर दागनु वा पंछी आदिमाथि निशाना लगाउनु अवैध घोषित गरिएको छ । अतः जीवित प्राणी लगायत हरेक प्रकारको जीवजन्तु र बनस्पति सबैलाई माया गर्नु पर्छ ।

---

[1]) बुखारी ।

# इस्लाम र हिंसा

अघिको शीर्षकले थाहा पाइसक्नु भयो होला कि हिंसा, डर, त्रास र आतंकको इस्लाममा कुनै ठाउँ छैन। यो शान्तिको धर्म हो र पूरै मनुष्यको सफलता र प्रगतिको आधार हो। मुस्लिमहरू आफ्नो बिरानो हरेकसँग माया बाडी प्रेम पूर्वक जीवन निर्वाह गर्छन। युद्ध होस् वा सन्धि हरेक समयमा दुशमनसँग कसरी सुव्यवहार गर्ने इस्लामले पूर्ण शिक्षा दिएको छ। शत्रुलाई डराउनु तर्साउनु, हात हतियार देखाई आफ्नो बशमा गर्नु वा गलत सूचनाले तिनीहरूलाई आत्तिन लगाउनु लगायत हरेक प्रकारको अन्याय र दमनबाट इस्लामले एकदम रोकेको छ। **मुआहद** (मुलुकमा बस्ने गैर मुस्लिम कामदार) सँग राम्रो व्यवहार गर्नेबारे इस्लामको धारणा छ :

**مَنْ قَتَلَ مُعَاهَدًا لَمْ يَرِحْ رَائِحَةَ الْجَنَّةِ وَإِنَّ رِيحَهَا تُوجَدُ مِنْ مَسِيرَةِ أَرْبَعِينَ عَامًا**

जो मुआहदलाई हत्या गर्छ भने उ जन्नतको सुगन्ध पनि पाउन सक्दैन ..[1] । युद्धस्थलमा पनि शत्रु सन्धिमाथि राजी हुन्छ भने इस्लामले सम्झौता गर्ने आदेश दिएको छ :

---

[1]) बुखारी ।

﴿ وَإِن جَنَحُواْ لِلسَّلْمِ فَٱجْنَحْ لَهَا وَتَوَكَّلْ عَلَى ٱللَّهِ ﴾ الأنفال: ٦١

यदि तिनीहरू समझौताको लागि तयार छन् भने नाइ नभन र अल्लाहमाथि विश्वास गर [1]।

लडाईको मैदान भनेको काटमारको अखडा हुन्छ तैपनि हजुर ﷺ ले युद्धस्थलमा वृद्ध-वृद्धा, स्वास्नीमान्छे, बाल-बालिका तथा हतियार नउठाउनेहरूलाई हत्या नगर्ने आदेश दिनुभएको छ। विजयपछि गाउँघरलाई नभत्काउने आगो नलगाउने, वालीनाली नष्ट नपार्ने अनि मृतकहरूको शरीरलाई टुक्राटुक्रा नगर्ने कडा आदेश दिएको छ । अतः निमुखा गाउँलेहरूलाई डराउनु, गाउँघर भत्काउनु, बमपडकाई वृद्ध-वृद्धा, स्वास्नी मान्छे, बच्चा तथा निर्दोष शहरीलाई अपाङ्ग बनाउनु चाहिँ घृणा लाग्दो काम हो यस्तो कामको इस्लामसँग कुनै पनि साइनो छैन तर खेदको कुरो के छ भने जहाँ पनि हिंसा र आतंक चर्किन्छ भने मिडियाले त्यसलाई बिना कुनै प्रमाण इस्लाम र मुस्लिमसँग गाँसि दिन्छ । यदि कुनै मुस्लिम त्यस्तो गर्छ त्यो उसको आफ्नो ब्यक्तिगत गल्ती हो सो गल्तीले इस्लाम र मुस्लिमलाई बदनाम गर्नु वा इस्लामले हिंसाको शिक्षा दिन्छ भन्नु कदापि मिल्दैन ।

---

[1]) सूरतुल्-अन्फाल (८/६१) ।

# इस्लाम कसैको जागीर होइन

इस्लाममा अल्लाह तआला र उसको दासको बीचमा कुनै माध्यमको खाचो पर्दैन । कुनै पनि मुस्लिमले कुरआन र हदीसको प्रकाशमा आफ्नो मालिकको नियमको पालना गरी उसको निकटता प्राप्त गर्न सक्छ उसको परम भक्त बन्न सक्छ र पूर्न जीवनमा स्वर्ग प्राप्त गर्न सक्छ । क्रिश्चन धर्म झै होइन जस्मा पादरी र बिशपले क्षमा प्रदान गर्छन हिन्दू जस्तो पनि होइन जसमा मात्र बाहुनद्वारा नै हरेक धार्मिक पुजा उपासना, बिहेबारी र अन्तिम संस्कार गराउनु पर्ने किंवदन्ती पाइन्छ ।

इस्लाम यस्तो रूढीवादी जागिरमाथि विश्वास राख्दैन र त्यसलाई कुनै जातपात, गोत्र र बंशमा सिमित गर्दैन बरू जुन सुकै मान्छेले बिना कुनै माध्यमको परम भक्त बन्न सक्छ । यदि आज पनि कुनै तल्लो जातको मान्छे इस्लामलाई आत्मसात गर्छ भने उ पनि कर्म अनुसार ठूलो भक्त र सलाः आदिमा अगुवाको ठाउँमा उभ्भीन सक्छ किनकि इस्लाम कुनै खास जातपातको जागिर होइन बरू सबैको साझा सम्पत्ति हो ।

# इस्लाममा बाध्यता छैन

अल्लाह तआलाले रोज्नु भएको धर्म इस्लाम नै हो । इस्लामबाहेक कुनै धर्म अल्लाह तआलाबाट स्वीकृत हुन सक्दैन भन्ने कुरामा लेश मात्राको पनि शंका छैन । आज सफलताको गोरेटो भनेको मात्र इस्लाम हो तैपनि कुनै पनि मान्छेलाई जबरजस्ती इस्लाममा प्रवेश गराउनु मिल्दैन । अल्लाह तआला भन्नु हुन्छ :

﴿ لَآ إِكۡرَاهَ فِي ٱلدِّينِۖ قَد تَّبَيَّنَ ٱلرُّشۡدُ مِنَ ٱلۡغَيِّۚ ﴾

धर्ममा जबरजस्ती छैन किनकि सत्य र असल बाटो गलत र बाङ्गो बाटोबाट प्रष्ट भइसके को छ [1] । यसको प्रत्यक्ष उदाहरणको लागि भारतलाई लिनुहोस् जहाँ १000 वर्षसम्म मुस्लिमले राज्य गरे तै पनि बहुसंख्यक भनेको हिन्दु नै हो । अर्को उदाहरण सउदी अरबमा जीविका पाइरहेका कामदारलाई लिनुहोस् के तिनीहरू जबरजस्ती इस्लाममा ल्याएका छन् ? अँ इस्लामलाई पढ्ने बुझने निम्तो दिइन्छ कसैको चित्त बुझ्यो भने इस्लाममा स्वागत छ तर जबरजस्ती गरिएको छैन र जबरजसती पनि कसरी गर्नै किनकि इस्लाम मुखले हैन भित्रि मनले हुन्छ ।

---

[1]) सूरतुल्-बकारह (२÷ २५६) ।

# इस्लाम नै किन

## अरू धर्म हुँदा हुँदै इस्लाम नै किन मान्नु पर्‍यो ?

आजको युगमा उक्त प्रश्नको जवाफ चाहिं निकै सजिलो तरिकाले दिन सकिन्छ । आफ्नै प्यारो देशको कुरा गरौं । संबिधानसभाको निर्वाचनमा माओवादीले ठूलो मतले विजय प्राप्त गरेका छन् र चाँडै नयाँ नेपालको नयाँ संबिधान लागू हुनेवाला छ के त्यो नयाँ संबिधान लागू भए पछि पनि राजा ज्ञानेन्द्रबाट मान्यता प्राप्त कानून अझै चल्न सक्छ र ? कदापी चल्न सक्दैन । त्यस्तै इस्लामले अघिका सम्पूर्ण धर्मलाई रद्द गरेको छ । अल्लाहको नजरमा धर्म भनेको मात्र इस्लाम हो उहाँले कुरआनमा प्रष्ट भन्नु भएको छ :

﴿ إِنَّ ٱلدِّينَ عِندَ ٱللَّهِ ٱلۡإِسۡلَٰمُۗ ﴾ آل عمران: ١٩

अल्लाहको नजरमा धर्म भनेको मात्र इस्लाम हो [1] । अर्को ठाउँमा भन्नु भएको छ :

---

[1]) सूरतुल्- आलिइमरान (३÷ १९) ।

﴿ وَمَن يَبْتَغِ غَيْرَ ٱلْإِسْلَٰمِ دِينًا فَلَن يُقْبَلَ مِنْهُ وَهُوَ فِى ٱلْءَاخِرَةِ مِنَ ٱلْخَٰسِرِينَ ﴿٨٥﴾ ﴾ آل عمران: ٨٥

धर्म भनेको मात्र इस्लाम हो जो इस्लामबाहेक अरू धर्मलाई रोजन चाहन्छ भने त्यो कहिल्यै पनि स्वीकृत हुन सक्दैन र अर्को जीवनमा उ क्षतिग्रस्त हुनेछ [1]।

इस्लाम र अन्य धर्ममा महत्वपूर्ण फरक के रहेको छ भने मुहम्मद ﷺ भन्दा अघिका जति सन्देष्टा छन् तिनीहरू चाहिं खास भाषा, सिमित समुदाय र सिमित अवधिका लागि मात्र थिए विश्वब्यापी थिएनन् तर अल्लाह तआलाले मुहम्मद ﷺ लाई पूरै विश्व र सदा सदाको लागि विश्वब्यापी अन्तिम रसूल चयन गरेर पठाउनु भएको छ। त्यसैले उहाँमाथि अवतरित ग्रन्थ कुरआन हुँदाहुँदै कुनै अर्को ग्रन्थ, धर्म वा संबिधान चल्न सक्दैन। उहाँले दूत वाणीमा भन्नु भएको छ :

**जुन सुकै यहुदी, इसाई (हिन्दू, जैनमत, बुद्धमत) आदिले मलाई (इस्लामलाई) मान्दैन भने उ नर्कमा जान्छ।**

जब प्रभु नै इस्लामबाहेक अन्य धर्म स्वीकृत गर्नु हुन्न भने पुरानो धर्मको कुनै अर्थ रहेन त्यसैले हिन्दु होस्

[1]) सूरतुल्- आलिइमरान (३ ÷ ८५)।

वा ईसाई हरेकले अन्तिमधर्म इस्लामलाई मान्नुमा नै सबैको कल्याण रहेको छ ।

प्राकृतिका हरेक वस्तु साक्षी छ कि जब ईश्वर एउटै हो भने उसको साँचो धर्म पनि एउटै हुनु पर्छ । आज विश्वमै जति धर्म छन् ती सम्पूर्ण धर्ममध्ये मात्र इस्लाम आफ्नो यथावत र असल रूपमा बाँकी रहेको छ त्यो बाहेक अरू कुनै पनि धर्म परिवर्तन, भ्रस्टाचार र हेराफेरिबाट सुरक्षित छैन । कुरआनको 1400 वर्ष भन्दा बढी भइसक्यो तैपनि जस्ताको त्यसतै सुरक्षित छ शब्दको के कुरा एउटा बुंदा र हर्स दिर्घको पनि फरक भएको छैन । त्यसैले सम्पुर्ण मानवको लागि पठाइएको धर्म इस्लाम हो । अल्लाह भन्नु हुन्छ :

﴿ هُوَ ٱلَّذِىٓ أَرْسَلَ رَسُولَهُۥ بِٱلْهُدَىٰ وَدِينِ ٱلْحَقِّ لِيُظْهِرَهُۥ عَلَى ٱلدِّينِ كُلِّهِۦ وَلَوْ كَرِهَ ٱلْمُشْرِكُونَ ٩ ﴾ الصف: ٩

उहाँले नै आफ्नो रसूल (मुहम्मद) लाई शास्वत (इस्लाम) र ठोस धर्म दिएर पठाउनु भयो सम्पूर्ण धर्ममाथि विजय प्राप्त गर्नको लागि चाहे त्यो बहु देववादी (मुशिरक) लाई मन नपरोस् [1] ।

---

[1]) सूरतुल्-सफ (६१÷९) ।

हो वास्तवमा अल्लाहले इस्लाम धर्मलाई हरेक धर्ममाथि प्रधानता दिनुभएको छ र इस्लाम संसारभरी नै फैलीरहेको छ । संसारका हरेक धर्मालम्बीहरू इस्लाममा आइरहेका छन् ।

**एउटा प्रतिवेदन (इस्लाम फैली रहेको छ) :** इस्लामिक इतिहासको प्रायः हरेक विद्यार्थीलाई थाहा नै रहेको छ कि आज भन्दा **1428** वर्ष अघि जब अन्तिम ईश्दूत मुहम्मद सल्लल्लाहु अलैहिवसल्लमले इस्लामको सन्देश दिनुभयो त्यत्ति बेला औंलामा गन्ने व्यक्ति मात्र मुस्लिम थिए तर उहाँको अथक परिश्रम, प्रतिबद्धता र प्रयासले गर्दा उहाँको निधन पूर्व लाख भन्दा बढी मान्छेहरू इस्लाममा प्रवेश गरिसकेका थिए ।

त्यो दिनदेखि आजसम्म इस्लाम कहिल्यै पनि पछि फर्केर हेरेनन् बरू अगाडि नै बढी रहेको छ । आज संसारको कुनाकप्चामा इस्लामको प्रवेश भइसकेको छ । पूर्वदेखि पश्चिमसम्म र उत्तरदेखि दक्षिनसम्म दुनियाँमा जुनसुकै देशको कुरा गर्नुहोस् तपाईंले अवश्य इस्लाम र मुस्लिम फेला पर्ने छ ।

पूरै विश्वमै हिन्दु राष्ट्रको रूपमा चिनिने मुलुक नेपालमा पनि इस्लामले आफ्नो जरो गाडि सकेको छ ।

इस्लामको ठूलो विरोधी मुलुक अमेरिकामा हरेक वर्ष 50,000 व्यक्ति इस्लामसँग आफ्नो नाता गाँसि रहेका

छन् । ब्रिटेन, फ्रान्स, इटली, पेरिस, जर्मनी सबै युरोपी देशहरूमा सबै भन्दा बढी फैलिने धर्म इस्लाम नै हो ।

आज पूरै दुनियाँको जनसंख्या चाहिँ 5 अरब रहेको छ जस्मा 1 अरब 20 करोड मुस्लिम छन् अतः पूर्ण संख्याको हरेक पाचऔं व्यक्ति भनेको मुस्लिम हो ।

उक्त प्रतिवेदनले सफलताको गोरेटो भनेको मात्र इस्लाम नै हो भन्ने कुरालाई प्रमाणित गर्दछ किनकि इस्लाम विश्वब्यापी धर्म नभएको भए विश्वकै कुना कप्चासम्म फैलिने थिएन । अतः इस्लाम अत्याधिक रूपमा बढीरहेको छ र भोलिको धर्म भनेको इस्लाम नै हुने छ भन्ने कुरामा केही शंका छैन ।

**प्रिय पाठक!** म यहाँको शुभचिन्तक हुँ र मैले जुन स्वर्गको गोरेटो आफ्नो लागि रोजेको छु त्यही स्वर्गको गोरेटो यहाँहरू पनि रोज्नुहोस् भन्ने अल्लाहसित कामना गर्दछु । किनकि इस्लाम नमानुन्जेल स्वर्गको कल्पना पनि गर्नु ब्यर्थ हो । इस्लामले हरेक धर्मलाई रद्द गरेको छ । हाम्रो विधाताले स्वर्गलाई आफ्नो साँचो भक्त अथवा मात्र मुस्लिमको नाममा नामसारी गरि दिनु भएको छ ।

# इस्लाममा आउनु धर्म परिवर्तन हो र?

आज प्रशस्तै साथीभाई के भन्नु हुन्छ भने धर्म परिवर्तन भनेको ठूलो पाप हो म कदापि मुस्लिम बन्न सक्दिनँ । म एउटा पंक्तिकारको नाताले उक्त कुरामा शतप्रतिशत समर्थन जनाउँदछु । वास्तवमा इस्लामबाट हिन्दूमा जानु वा क्रिश्चन बन्नु पाप मात्र हैन बरू महापाप हो तर मुस्लिम बन्नु अथवा बनाउनु पाप होइन बरू यो नै सबै भन्दा ठूलो पुन्य हो किनकि इस्लाममा आउनु धर्म परिवर्तन हैन । म पाठकसँग के सोध्न चाहन्छु भने यदि कुनै मान्छे बाटो बिराउँछ र गलत बाटो अपनाउँछ पछि पश्चाताप गर्छ र पूनः सोझो र असल बाटोमा आउँछ भने त्यो पाप हो होइन बरू यो पापको प्रायश्चितको ठूलो उपाय हो । त्यसैले मुस्लिम बन्नु पाप होइन ठूलो पुन्य हो किनकि इस्लाम नै प्रभुको असल धर्म हो जो प्रथम मनुष्यद्वारा शुरू भएको हो अतः इस्लाम ल्याउनु धर्म परिवर्तन होइन बरू असल र साँचो प्रभुको अगाडि सिर निहुराउनु हो र जो एउटा जाबो झिंगा पनि सृजना गर्न सक्दैन त्यस्तो मिथ्या र लाचार ईश्वरलाई अस्वीकार गर्नु हो ।

# प्रवेश द्वार

## अश्हादु अल्ला इलाहा इल्लल्लाह व अश्हादु अन्न मुहम्मदन् रसू लुल्लाह

इस्लामको मूलप्रवेशद्वार भनेको उक्त २ पंक्ति नै हो । उक्त दुवै पंक्तिको पूर्ण अर्थ र ब्याख्या राम्ररी बुझेर गवाही नदिउन्जेल मान्छे मुस्लिम बन्न सक्दैन ।

## मूलद्वारमा दूइ कुराको शपथ लिनु पर्छ :

**क) सर्व**प्रथम आफ्नो प्रभु अल्लाहको बारेमा यो आस्था राख्नु पर्छ कि उहाँ नै हाम्रो मालिक विधाता र पुजायोग्य हुन् । उहाँबाहेक कोही दूत, देवदूत, मान्छे वस्तु, बनस्पति, मूर्तिप्रतिमा आगो पानीको पूजा गर्नु महापाप हो ।

**ख)** दोस्रो कुरा सन्देष्टा मुहम्मद (सल्लल्लाहु अलैहि वसलम) लाई अन्तिम रसूल मान्नु पर्छ उहाँ पछि कुनै सन्देष्टा आउनेवाला छैन त्यसैले जीवनको हरेक पाइलामा उहाँको पूर्ण अनुकरण गर्नु पर्छ । उहाँले बताए अनुकूल मात्र अल्लाह तआलाको पूजा गर्नु पर्छ तथा

कहिल्यै पनि उहाँको अवज्ञा गर्नु मिल्दैन यो कुरा स्वीकार गरेर घोषणा गरे पछि मान्छे मुस्लिम बन्छ ।

# ईमानका स्तम्भहरू

## (अराकानुल-ईमान)

इस्लाममा प्रवेशपछि केही अदृश्य (गैब)कुरामाथि विश्वास गर्नु पर्छ त्यसैलाई अरकानुल ईमान (ईमानका स्तमभहरू) भनिन्छ जो ६ कुरामाथि आधारित छ :

- १) अल्लाह तआलामाथि ईमान ।
- २) मलाएका (देवदूत) माथि ईमान ।
- ३) ईश्वरीय ग्रन्थमाथि ईमान ।
- ४) समस्त सन्देष्टामाथि ईमान ।
- ५) यौमिल-आखिर (परलोक) माथि ईमान ।
- ६) कद्र (भाग्य) माथि ईमान ।

# اليوم الآخر

# मृत्युपछिको जीवन
# स्वर्ग वा नर्क !

(शोषक र शोषित दुवै समान हुन सक्छ ? )

**अरकानुल-ईमानमध्ये एउटा महत्वपूर्ण खम्बा भनेको परलोकमाथि ईमान ल्याउनु हो जसलाई अरबीमा यौमिल-आखिर भनिन्छ ।** हाम्रो विधाता पवित्र ग्रन्थमा भन्नु हुन्छ :

﴿ كُلُّ نَفْسٍ ذَآئِقَةُ ٱلْمَوْتِ ۖ ثُمَّ إِلَيْنَا تُرْجَعُونَ ﴿٥٧﴾ ﴾ العنكبوت: ٥٧

हरेक जिवजन्तुले एक दिन मर्नुछ र मतिर नै फिर्ता हुनुपर्नेछ [1] ।

उक्त श्लोकमा अल्लाहले दुई कुराको घोषणा गर्नु भएको छ । प्रथम कुरो मर्नु र दोस्रो कुरो मृत्यु पश्चात जहाँबाट आएका थियौं त्यहीं पूनः फर्केर जानु पर्छ । जति विश्वास मृत्युमाथि छ त्यत्तिकै आस्था पूनः जीवित भई उसैतिर फर्कने कुरामाथि पनि रहेको छ । मृत्युपछि मान्छेको आत्मा कुनै अर्को जुनिमा प्रवेश हुँदैन नत त्यो आत्मा कुनै नयाँ अर्को जन्म लिन्छ बरू कर्मको आधारमा स्वर्ग वा नर्कमा जान्छ । किनकि कर्मको जीवन भनेको दुनियाँको जीवन थियो त्यस्को अन्त्य भइसक्यो अब प्रतिफलको जीवन शुरू हुनेछ । हरेकले अल्लाहको न्यायालयमा उभिनु पर्ने छ र एक-एक पाईको हिसाब किताबपछि कर्म अनुसार मुस्लिमलाई स्वर्गमा र काफिर (ननमुस्लिम) लाई नर्कमा स्वागत गरिनेछ ।

---

[1]) सूरतुल-अन्कबूत (२९÷५७) ।

# स्वर्ग र नर्कका केही प्रमाण

१) उदाहरणस्वरूप एउटा अपराधीले **तीन-तीन** निर्दोष व्यक्तिलाई खुकुरीले रेटेर हत्या गर्यो त्यस्तो अपराधीलाई दुनियाँको न्यायालयले कडा भन्दा कडा सजाय मृत्यूडण्ड दिन सक्छ । मेरो प्रश्न के छ भने त्यो त मात्र एक ज्यानको बदलामा भयो अरू २ निर्दोष व्यक्तिको बदला खोई ? उसलाई पनि ३ ज्यानको बदलामा ३ पटक मर्नु पर्छ भन्ने कुरा नै न्यायपूर्ण हो तर यो जीवनमा त्यो संभव छैन ।

२) त्यसमाथि पनि त्यो अपराधी चतुर छ वा माथिसम्म उसको पहुँच छ भने कानुनबाट उम्कन सक्छ कानुनले उसको केही पनि बिगार्न सक्दैन ।

३) हिटलरले ६० लाख यहुदीलाई सखाब पारेको थियो के दुनियाँको कुनै पनि न्यालयलले सम्पूर्ण पीडितलाई उसको हक दिलाउन सक्छ ? सकिदैन भने स्वर्ग र नर्कमाथि विश्वास गर्नु पर्छ जहाँ त्यस्तो नीच र पापीबाट पीडितलाई उसको हक दिलाउनको लागि अल्लाहले स्वर्ग र नर्कको ब्यवस्था गर्नु भएको छ जो एकदम न्यायपूर्ण छ ।

४) मृत्युपछिको जीवनको बारेमा अल्लाहले कुरआनमा भन्नु हुन्छ :

﴿ قُلْ يُحْيِيهَا ٱلَّذِىٓ أَنشَأَهَآ أَوَّلَ مَرَّةٍ ﴾ يس: ٧٩

भनिदेउ! जुन हस्तीले पहिलो चोटि उसलाई सृजना गरेको छ उ नै मृत्युपछि जीवित गर्ने छ .......[1]।

पहिलो पटक बिना उदाहरण कुनै नयाँ वस्तु निर्माण गर्नु वा सृजना गर्नु अलि गाह्रो हुन्छ तर त्यसैलाई दोह्रयाएर बनाउनु एउटा सर्वसाधारण निर्माताको लागि बायाँ हातको खेल हो भने जुन हस्तीले हामीलाई र यो संसारलाई बिना कुनै उदाहरण निर्माण गर्नुभएको छ के उहाँले हामीलाई दोबारा सजिलै सित बनाउन सक्नु हुन्न र ? महान अल्लाह भन्नु हुन्छ :

﴿ وَهُوَ ٱلَّذِى يَبْدَؤُا۟ ٱلْخَلْقَ ثُمَّ يُعِيدُهُۥ وَهُوَ أَهْوَنُ عَلَيْهِ ﴾ الروم: ٢٧

उहाँले नै सृष्टिको शुरूवात गर्नुभयो र मृत्युपछि फेरि जीवित गर्नु हुनेछ र यो उहाँको लागि निकै मामुली कुरा हो [2]।

**प्रिय पाठक!** मृत्युपछि मान्छेको ठेगाना स्वर्ग हुन्छ वा नर्क । त्यहाँबाट कुनै पनि मान्छे यो दुनियाँमा आउन

---

[1]) सूरतुल्-यासीन (३६÷७९) ।
[2]) सूरतुल्-रूम (३॰ ÷२७) ।

सक्दैन । जन्मेपछि पूनः आमाको गर्भाष्यमा फिर्ता हुनु भन्दा बढी असंभव भनेको मृत्युपछि पूनः यो दुनयाँमा आउनु हो र हाम्रो समाजमा ब्यापक आस्था कर्मको आधारमा यसै दुनियाँमा बारम्बार जन्म हुन्छ त्यो घोर अन्धकार र रूढीवादीबाहेक अरू केही छैन । अझै बझ्नको लागि म केही उदहारण प्रस्तुत गर्न चाहन्छु ः

१) शायद तपाईंको पनि आस्था होला सर्व प्रथम ईश्वरले बनस्पति र झार-पातलाई सृजना गर्नु भयो यो कुरालाई मॉर्डन विज्ञानले पनि प्रमाणित गरेको छ प्रश्न के छ भने जब त्यत्तिबेला मनुष्य (कर्म) थिएन भने यी जनावर र बनस्पति कुन पापको आधारमा आयो यो प्रश्न अनुत्तरित नै छ ।

२) दोस्रो प्रश्न के छ भने (उदाहरणस्वरूप) तपाईंको भनाई अनुसार सत्य युगको सनसंख्या १० ,००० थियो यदि सबै संयमी थिए भने आज पनि मनुष्यको सनसंख्या त्यत्तिकै हुनु पर्थ्यो र तिनीहरूमा गलत मान्छे थिए भने त्यसको संख्या झन कम हुनु पर्थ्यो तर संख्या बढ्दै गइरहेको छ ! यो कस्तो विडम्बना हो !

३) म प्रिय पाठकसँग सोध्न चाहन्छु कि तपाईं कुन कर्मको आधारमा यो जीवन पाउनु भएको छ । वा पहिलाको जन्ममा तपाई जनावर, बनस्पति कुन जुनिमा जन्म पाउनु भएको थियो ? मेरो विचारमा यो प्रश्नको

कसैले पनि जवाफ दिन सक्दैन। त्यसैले बारम्बार यो दुनियाँमा आउनु आस्था नै गलत रहेको छ र यो आस्था अनुसार स्वर्ग र नर्कको के औचित्य ? समग्रमा भन्नु पर्दा मात्र मुस्लिमको आस्था नै उचित र प्रमाणको आधारमा रहेको छ त्यसैले साँचो कुरालाई कदर गर्नु र मिथ्यालाई त्यागनु नै असल मान्छेको पहिचान हुन्छ। म यहाँको धर्म परिवर्तन गराउन चाहन्न मत केवल तपाईंले बिर्सि सक्नु भएको पाठको सम्झना गराउन मात्र चाहेको छु।

# इस्लामको जग

## (अराकानुल-ईमान)

इस्लाम भनेको एउटा घर जस्तै हो जो पाँच महत्वपूर्ण स्तम्भमाथि कायम छ त्यसैलाई अरबी भाषामा अरकानुल-इस्लाम भनिन्छ जो निम्न छन् :

**१) शहादः । (प्रवेश□ारमा उल्लेख भइ सकेको छ) ।**

**२) सलाह (नमाज) :** एउटा मुस्लिमले गर्नु पर्ने दोस्रो काम सला (एक प्रकारको उपासना) नै हो जो प्रति दिन **५** चोटि (बिहान,दिउँसो, अपराह्न, साझ, रात्री) पढ्नु पर्छ ।

**३) जकाह (दान)** यदि कुनै मान्छेले 85 ग्रा. सुन वा त्यत्ति बराबरको रकम छ भने वर्षमा १ चोटि २.५ प्रतिशतको दरले गरीबगुरूवा मा बाड्नु पर्छ ।

गरीबी निवारणको लागि प्रभावशाली पाइला भनेको जकात हो यदि यो नियम लागू गरियो भने दुनियाँबाट गरीबीको नामोनिशान नै मेटिनेछ । आज लाखौं गरिब परिवारको र अनाथालयको मूल श्रोत भनेको जकाह नै रहेको छ ।

**४) सौमः (बर्त)** एउटा मुस्लिमले गर्नु पर्ने चौथो काम चाहिँ **सौम अथवा बर्त बस्नु हो** । धनीगरीब, राजाप्रजा, लोग्ने स्वास्नी हरेकले रमजान महिनाको वर्त बस्नु पर्छ । इस्लामिक बर्तको तरिका के छ भने बिहानदेखि सूर्यास्त नहुन्जेल पूर्ण निरआहार बस्नु  पर्छ ।

बर्तले शरीरमा पलाएका सबै फोहरलाई दूर गर्छ भने धनी र शीसाको महलमा बस्नेहरूलाई  भोक र तिर्खाको आभास गराउँदछ ।

**५) हजः** जुन मान्छेसँग आफ्नो घरदेखि मक्कासम्म यात्राको सम्पूर्ण खर्च तिर्ने रकम छ भने त्यस्तो धनाढ्यले जीवनमा १ पटक मक्का गई हज गर्नु पर्छ गरीब वा त्यत्ति रकम नभएको मान्छेले हज गर्नु पर्दैन । हज भनेको मुसिलमहरूको वार्षिक ठूलो चाड हो जो विश्वब्यापी भाइचाराको सन्देश दिन्छ ।

# इस्लामका लाभहरू

**१) स्वर्ग (जन्नत) मा जान मिल्छ ।** यो कुरामा लेश मात्राको पनि सन्देह छैन कि स्वर्ग मात्र साँचो मुस्लिमको लागि तयार पारिएको हो त्यसमा कुनै पनि (मुश्रिक) बहुदेववादी प्रवेश सक्दैन । स्वर्गमा अल्लाह तआलाले आफ्नो भक्तको लागि निकै धेरै खुशी र मज्जाका कुराहरू तयार पार्नु भएको छ । त्यसमा प्रवेश गरेपछि दुनियाँमा भोगेका दुःख र पीडाको आभास पनि हुँदैन । स्वर्गमा दुःखको नामोनिशान हुने छैन त्यहाँ सदा सुखमय र शान्तिपूर्ण जीवन हुनेछ । लुगा कहिल्यै पुरानो हुँदैन । मान्छे सधैं भरि जवान रहने छन् बुढापा कहिल्यै आउँदैन । मृत्यू पनि आउँदैन किनकि त्यो सदासदाको जीवन हुन्छ । सबै भन्दा कम दर्जाको जन्नतीले यो दुनियाँ जस्तो १0 गुणा बढी सम्पत्तिको मालिक हुनेछ । समग्रमा भन्नु पर्दा त्यसमा त्यस्ता कुराहरू प्राप्त हुने छन् जसलाई मनुष्यको आँखाले नत कहिल्यै हेरेको, नत कानले सुनेको, नत कसैको मनले कल्पनामा नै गरेको आनन्द र मौजमज्जाका कुराहरू त्यहां पाइन्छ (इन्शाअल्लाह) ।

**२) नर्कबाट मुक्ति मिल्छ ।** नर्क भनेको स्वर्गको विपरीत हो जो गैरमुस्लिमको लागि तयार पारिएको छ किनकि जसरी राम्रो र नराम्रो, साधु र चोर, मेहनती र अल्छी घाम र छायाँ बराबर हुन सक्दैन त्यस्तै मुस्लिम र गैरमुस्लिम दुवैको ठेकाना पनि समान हुन सक्दैन ।

नर्क भनेको सहन नसक्ने आगो, सर्प, बिच्छू आदिद्वारा कष्ट र पीडा दिने कारागार हो जसलाई मान्छेको आँखाले नत कहिल्यै देखेको छ नत सुनेको छ । सायद त्यसको पीडालाई कसैले सोचेको पनि छैन होला । भोक लाग्दा विषले भरिएको खाना र तिर्खा लाग्दा अति तातो पानी र घाउबाट निस्केको फोहर मिल्ने छ जसलाई सोच्दा अं□ सिरिंग हुन्छ । त्यहाँ यत्रो पीडा छन् जसलाई शब्दमा वर्णन गर्नु मिल्दैन । छाला डढेपछि अर्को छाला लगाइन्छ तर कष्टमा कमी आउँदैन । मात्र नर्कलाई हेर्नै वित्तिकै दुनियाँको अैशमौज सबै एक छिनमा हरण हुन्छ । दुनियाँमा एक दिन पनि सुखको साँस नफेरेको जस्तो आभास हुन्छ त्यो कष्टबाट अल्लाहद्वारा रोजिएको साँचो धर्म मात्र इस्लामले नै जोगाउन सक्छ । त्यसैले समयमै होश पुर्‍याउनु बेश होला ।

**३) वास्तविक शान्ति प्राप्त हुन्छ ।** मनुष्यलाई असल मानसिक र हार्दिक खुशी साँचो अल्लाह तआलाको पूजा उपासना र आराधनामा नै प्राप्त हुन्छ ।

आज संसारमा थुप्रै उधोगपति, धनाढय, राजा महाराजा र एक रातमा लाख भन्दा बढी कमाउने कलाकारहरू छन् तर मनको शान्तिको खोजीमा भौंतारिएर यताउता हिंडीरहेका छन् । यस्तो खालको मान्छेलाई मात्र इस्लामको छायाँमुनि नै शान्ति प्राप्त हुन सक्छ । प्रत्यक्ष उदाहरणको रूपमा विश्व ख्यातिप्राप्त संगीतकार **Cat Stevens** जो अहिले **Yusuf Islam** को नामले प्रसिद्ध छन् । उनी चाहिं पप गायक थिए । एक रातमा डेढ लाख भन्दा बढी डलर कमाउदथे तर उनलाई कताकता असल खुशी र शान्ति छैन जस्तो लाग्थ्यो र शान्तिको खोजी गर्दागर्दै इस्लामलाई अध्ययन गर्न पुगे र उहाँको पूर्ण सन्तुष्टिपाछि मात्र इस्लामसित नाता गाँसे । जुन दिनदेखि उनले इस्लाम स्वीकार गरे त्यस दिनदेखि उहाँलाई शान्तिको प्रत्याभूति भएको छ भेर उहाँले भन्नु हुन्छ । विश्वास लाग्दैन भने तलको ठेगानामा सम्पर्क गरी उनको इस्लाम पछिको अनुभव जान्न सक्नु हुनेछ :

**2 Digswell Street, London N7 8jx UK ।**

**४) अघिल्ला क्षमाहरूबाट मुक्ति मिल्छ ।** कुफर अथवा इस्लामपूर्व गरिएका पापहरूबाट पश्चाताप गर्नको लागि इस्लाम भन्दा ठूलो अरू कुनै साधन छैन । रसूल ﷺ को वाणी छ :

أَنَّ الْإِسْلَامَ يَهْدِمُ مَا كَانَ قَبْلَهُ (مسلم)

इस्लाम ल्याउने बित्तिकै अघिका सबै पापहरू आफै क्षमा हुन्छ र भरखरै जन्मेको बच्चा झै पवित्र र चोखो हुन्छन् । साथै इस्लाम पूर्व गरिएका पुन्य र सत्कर्मको प्रतिफल पनि प्राप्त हुन्छ ।

الْحَمْدُ لِلَّهِ الَّذِي بِنِعْمَتِهِ تَتِمُّ الصَّالِحَاتُ .

**लेखक**

**मुशताक मदनी**

mushtaqjdc@yahoo.com

0509705944

# महत्वपूर्ण वेबसाइटहरू

www.islamhouse.com
www.thetruereligion.com
www.al-islam.com
www.islam-qa.com
www.islamweb.net
www.islamunveiled.com
www.fatwa-online.com
www.islam-guide.com
www.alejaz.com
www.discoverislam.com
www.alharmain.org
www.ibnothaimeen.com
www.bilalphilips.com
www.dar-us-salam.com
www.al-hidaayah.co.uk
www.islamtomorrow.com

स्वर्गको एक मात्र बाटो इस्लाम धर्मलाई नै रोजेर आफ्नो भविष्यलाई उज्जवल बनाउनुहोस् ।

# महत्वपूर्ण किताबहरू

१. इस्लामका पाँच आधार ▯ शैख अब्दुर्रऊफ रहमानी ।

२. इस्लामको उपदेश ▯ मोहम्मद इद्रीस नेपाली ।

३. नमाजे-मस्नून ▯ मुखतार अहमद नदवी, अनुवाद मुहम्मद इद्रीस नेपाली ।

४. इस्लामको परिचय ▯ मुहम्मद इद्रीस नेपाली ।

५. इस्लामको परिचय ▯ अबुल हसन नदवी, अनुवादः निजामुद्दीन मियाँ ।

६. साँचो धर्म ▯ अबु अमीना बिलाल फिलिप्स, अनुवादः मुहम्मद अबुल्लैस सलफी ।

७. इस्लामको जीवन व्यवस्था ▯ सैयद अबुलआला मौदुदी, अनुवादः प्राध्यापक कुमार छेत्री ।

८. इस्लाम दर्शन ▯ सैयद अबुलआला मौदुदी ।

९. इस्लामको सिद्धान्त ▯ हमूद बिन मुहम्मद अल्लाहहिम, अनुवादः अबुफैसल आबिद सनाउल्लाह ।

१०. इस्लाम धर्मका ३ मूलआधार ▯ मुहम्मद बिन सुलैमान अत्तमीमी, अनुवादः अबुरियाज जमीर अहमद मदनी ।

११. सत्य धर्मको खोज ▯ अनुवादः मुस्तकीम मदनी ।

१२. इस्लाम प्रवेशिका  मुश्ताक अहमद ।

१३. कल्कि अवतार  मुश्ताक अहमद ।

१४. हिस्नुल-मुस्लिम  मुश्ताक अहमद ।

# ٱلدِّينُ ٱلْقَيِّمُ

باللغة النيبالية

تاليف

مشتاق مدني

مراجعة

آفتاب عالم مدني